THE
CARTER CENTER

**निर्वाचन आयोग, नेपालको 'फोटोसहितको मतदाता दर्ता' कार्यक्रमबारे**
**पहिलो अन्तरिम विज्ञप्ती**
**१९ अप्रिल २०११**

## १. परिचय

कम्प्युटर प्रणालीबाट एउटा नयाँ मतदाता नामावली तयार गर्नका लागि निर्वाचन आयोग, नेपालले राष्ट्रव्यापी रुपमा मतदाता नामावली संकलन प्रक्रिया संचालन गरिरहेको छ । आयोगको निमन्त्रणा र शान्ति तथा सम्वैधानिक प्रक्रियाका व्यापक प्रयत्नहरूलाई स्थानीय तहमा पर्यवेक्षण गर्ने एउटा अंगका रुपमा मतदाताको नाम दर्ता गर्ने प्रक्रियासम्वन्धी सूचनाहरू संकलन गर्न कार्टर सेन्टरका पर्यवेक्षकहरू सन् २०११ को फेब्रुअरी र मार्च महिनामा १३ वटा जिल्लामा खटिएका थिए । कार्टर सेन्टरको पर्यवेक्षणका उद्देश्यहरू निर्वाचन प्रक्रियालाई सघाउनु, मतदाताको नाम दर्ता गर्ने प्रक्रियालाई अपेक्षाअनुरुप निर्विघ्न रुपमा सम्पन्न गर्न निर्वाचन आयोगको आत्मविश्वास बढाइदिनु र नेपालको समग्र लोकतान्त्रिक प्रक्रियालाई सुदृढ पार्न योगदान गर्नु आदि रहेका छन् ।

मतदाताको नाम दर्ता गर्ने प्रक्रियाको एउटा निष्पक्ष लेखाजोखा प्रदान गर्ने मनशायले यो प्रतिवेदन तयार गरिएको छ । यस अन्तरगत प्रक्रियाको सकारात्मक पक्षलाई उजागर गर्ने, यस प्रक्रियामा अन्तरनिहित कमजोरीहरूको पहिचान गर्ने र यस प्रक्रियालाई सुदृढ पार्नका निम्ति चाल्न सकिने कदमहरूका सम्वन्धमा सुझावहरू प्रस्तुत गर्ने काम भएको छ ।

## २. परिप्रेक्ष्य

सन् २००८ को मतदाता नामावलीलाई विस्थापित गर्ने गरी निर्वाचन आयोगले कम्प्युटर प्रणालीमा आधारित फोटोसहितको नयाँ मतदाता नामावली तयार गरिरहेको छ । सन् २००८ को मतदाता नामावलीमा धेरै नै त्रुटिहरू रहेको विश्वास गरिन्छ । ती त्रुटीहरूमा-मतदाताका नामहरू छुटेका वा गलत ढंगले लेखिएका, एउटै मतदाताको नाउँ धेरै ठाउँमा लेखिएका र अयोग्य हुनसक्ने केही मतदाताहरूको नाम दाखिला भएका दृष्टान्तहरू उल्लेख गरिन्छन् ।[१] कम्प्युटर प्रणालीको मतदाता नामावलीले दर्ता भएका मतदाताको फोटो र औंठाको छाप लिनुका साथै मतदाता नामावलीलाई सकेसम्म बढी स्तरीय बनाउन मतदाताको व्यक्तिगत विवरण समेत लिन्छ । यसबाट मतदाताले जालझेल वा धाँधली गर्ने सम्भावना कम हुन्छ । यसका अतिरिक्त प्रस्तावित राष्ट्रिय परिचयपत्र तयार गर्नका निम्ति दर्ता भएका मतदाताहरूको सम्वन्धमा सूचना प्रदान गर्न निर्वाचन आयोगले गृह मन्त्रालयसँग समन्वय कायम गरिरहेको छ ।

निर्वाचन आयोगले मतदाताहरूको नाम दर्ता गर्ने कामलाई सन् २००७ को अन्तरिम संविधानको यससम्बन्धी व्यवस्था, सन् २००६ को मतदाता नामावलीसम्बन्धी ऐन र सन् २००७ को यससम्बन्धी नियमअनुरुप व्यावहारिक रुप दिएको छ । यही कानुनी ढाँचाभित्र रहेर निर्वाचन आयोगले मतदाताको नाम दर्ता गर्ने कामलाई व्यवस्थित तवरले अघि बढाउन नीति तथा विधि-प्रक्रियाहरू निर्माण गरेको छ । त्यसअन्तरगत नै मतदाताको रुपमा दर्ता हुने योग्यता निर्धारण गर्न आवश्यक कुराहरू र त्यसलाई व्यवहारमा लागू गर्ने मापदण्डहरू स्थापित भएका छन् । खास गरी १६ वर्ष पुगेका वा त्यसभन्दा माथिको उमेरका[२] र नागरिकताको प्रमाणपत्र भएका व्यक्तिहरूलाई[३] मतदाताको रुपमा दर्ता हुन योग्य ठानिएको छ । यदि कुनै व्यक्तिले आफूले नागरिकताको प्रमाणपत्र लिएको ठाउँभन्दा फरक ठाउँमा आफ्नो नाम दर्ता गराउन चाहन्छ भने त्यो व्यक्ति महिला वा पुरुष जो भएपनि उसले बसाइँसराईको प्रमाण पेस गर्नै पर्दछ । त्यस्तो व्यक्तिले खास गरी उसको गृहनगर वा

---

[१] सन् २००८ को संविधान सभाको निर्वाचनको निम्ति कार्टर सेन्टरको पर्यवेक्षण मिसनले मतदाता नामावलीबारे आफ्नो चासो उजागर गरेको थियो । त्यस क्रममा ' बढी समावेशी र ठीक नामावली तयार गर ' भन्ने सिफारिस कार्टर सेन्टरको मिसनको अन्तिम प्रतिवेदनको सबभन्दा शीर्षस्थानमा रहेको सिफारिस थियो । कृपया 'सन् २००८ मा सम्पन्न संविधान सभाको निर्वाचनलाई पर्यवेक्षण गर्दा' भन्ने प्रतिवेदन पनि हेर्नु होला । कार्टर सेन्टरको वेभसाइट (www.cartercenter.org) मा उपलब्ध छ ।

[२] १६ वर्ष वा त्यसभन्दा माथिको उमेरका व्यक्तिहरू नाम दर्ताका निम्ति योग्य हुन्छन् । तर मतदानको निम्ति भने १८ वर्ष वा त्यसभन्दा माथिको उमेरका व्यक्तिहरू मात्रै योग्य हुने भएकोले मतदाता नामावलीमा पनि राखिन्छन् ।

[३] सन् २०११ को फेब्रुअरी महिनामा सर्वोच्च अदालतले मतदाताका रुपमा नाम दर्ता गराउन नागरिकताको प्रमाणपत्र नै एक मात्र प्रामाणिक आधार हुने फैसला गऱ्यो ।

गाविसले दिएको बसाइँसराईको पत्र, हाल बसोबास गरेको नगर वा गाविसबाट उसले हाल यहाँ बसोबास गरेको[४] कुरा प्रमाणित गरिएको पत्र, जमिन वा घरको स्वामित्व झल्किने प्रमाणपत्र, र उसको नयाँ ठेगान झल्किने बिजुली वा पानीको बिल वा त्यस्तै अन्य कागजात पेस गर्नुपर्दछ ।

मतदाताको नाम दर्ता प्रक्रिया सन् २०१० को मार्च महिनामा परीक्षण अभ्यासका रुपमा पाँचवटा जिल्लाका सातवटा गाविसहरूबाट थालिएको थियो । स्थलगत रुपमा तथ्याङ्क संकलन गर्ने कामहरू धेरै चरणमा गरिएका थिए : नगरपालिका चरणमा ४३ जिल्लाका ५८ वटा नगरपालिकाहरूमा बसोबास गर्ने योग्य मतदाताहरूको नाम दर्ता गरिएको थियो । ( त्यो काम सन् २०१० को सेप्टेम्वर र डिसेम्वर महिनाभित्र पुरा गरिएको थियो । ) 'ब्रिजिङ' चरणमा ४३ वटा जिल्लाका नगरपालिका आसपासका ठाउँहरूमा मतदाताहरूको नाम दर्ता गरिएको थियो । (त्यो काम सन् २०१० को डिसेम्वर र २०११ को मार्च महिनाभित्र पूरा गरिएको थियो । ) र, राष्ट्रव्यापी चरणमा देशभरिकै बाँकी रहेका ठाउँहरूका मतदाताहरूको नाम दर्ता गर्नेछ । (त्यो काम सन् २०११ को मार्च महिनामा शुरु भएको थियो भने जून महिनाको अन्त्यसम्म जारी गर्ने कार्यतालिका छ ।)[५]

जिल्ला तहमा मतदाताको नाम दर्ता गर्ने काममा विभिन्न तहमा विभिन्न माध्यमबाट मतदाता शिक्षा अभियान चलाउने; मतदाता हुन योग्य वा गणनामा पर्न योग्य व्यक्तिहरूको पहिचान गरी मतदाता दर्ता प्रक्रियाबारे उनीहरूलाई सूचित गर्ने र उनीहरूको अभिलेख राख्नको लागि घरदैलो अभियान चलाउने; तथा स्थलगत रुपमा नाम दर्ता गर्नको लागि १० हजारभन्दा बढी ठाउँहरूमा मतदाता नाम दर्ता स्थल निर्धारण गर्ने ( जहाँ योग्य व्यक्तिहरूले स्वयं उपस्थित भएर नाम दर्ता गराउँछन् ) जस्ता कुराहरू सामेल छन् । ठीक त्यही बेला आफ्नो बसोबासको ठाउँमा नाम दर्ता गर्न छुटाएका व्यक्तिहरूको नाम दर्ता गर्नको लागि ७५ वटै जिल्ला निर्वाचन कार्यालयहरूमा निरन्तर दर्ता प्रक्रिया पनि जारी राखिएको छ । प्रत्येक जिल्लामा नाम दर्ता गरिएका तथ्याङ्कहरू संकलन गरिसकेपछि ती जिल्लाहरूबाट संकलित सबै तथ्याङ्कहरू एकै ठाउँमा जम्मा गर्ने, अशुद्धिहरू हटाई शुद्धीकरण गर्ने र त्यसपछि बाँकी कार्वाहीको लागि काठमाण्डौंमा रहेको निर्वाचन आयोगमा पठाउने योजना गरिएको छ ।

जिल्ला तहमा मतदाताहरूको नाम दर्ता भएको तथ्याङ्क सन् २०११ को जून महिनाको अन्त्यसम्ममा संकलन गरिसकिने अपेक्षा गरिएको छ । त्यसपछि अल्पकालीन प्रयोजनको लागि मतदाता नामावलीलाई एकै ठाउँमा जम्मा गरी सार्वजनिक प्रदर्शन तथा दावी-विरोधको निम्ति पठाइने अपेक्षा गरिएको छ । दावी र विरोधहरूलाई सम्वोधन गरिसकेपछि निर्वाचन आयोगले त्यस नामावलीमा आवश्यक परेजति सच्च्याउने काम गर्नेछ । साथै, निरन्तर दर्ता प्रक्रियाद्वारा मतदाताहरूको नाम दर्ता गर्ने कामलाई पनि जारी राखिनेछ ।[६]

मतदानको निम्ति नाम दर्ता गर्न चाहने सबै नेपालीहरूलाई त्यसको निम्ति अवसरको सुनिश्चितता प्रदान गर्न गरेका सकारात्मक प्रयत्नहरूका निम्ति कार्टर सेन्टर निर्वाचन आयोगको सह्राहना गर्दछ । मतदाताहरूको नाम दर्ता गर्ने क्रममा निर्वाचन आयोगले राजनीतिक, कानुनी र प्रशासनिक चुनौतिहरू धेरै नै सामना गरेको छ । तर नाम दर्ता गर्ने प्रक्रिया अघि बढ्दै जाँदा आयोगले लचकता र असल मनशाय दुवै प्रदर्शन गरेको छ । कार्टर सेन्टर विशेष गरी निम्न कुराको निम्ति निर्वाचन आयोगको सह्राहना गर्दछ :

- निर्वाचन पर्यवेक्षक र अन्यले सन् २००८ को मतदाता नामावलीको गुणस्तरको बारेमा उठाएका आवाजहरूलाई तदारुकताका साथ प्रतिउत्तर दिई सकेसम्म राम्रो नामावली तयार गर्नको लागि ठूल्ठूला प्रयत्नहरू गर्न अग्रसर भएकोमा ।
- नाम दर्ता गर्नको लागि नागरिकताको प्रमाणपत्र चाहिने भनेर सन् २०११ को फेब्रुअरीमा सर्वोच्च अदालतले गरेको आदेशमाथि सरोकार राखेर सबै योग्य नेपालीहरूलाई नागरिकताको प्रमाणपत्र वितरण गर्न अनुरोध गरी नेपाल सरकारलाई पत्र पठाएकोमा ।
- विरोध प्रदर्शनमा उत्रिएका राजनीतिक दलहरूले सरोकार राखेका विषयहरूलाई समाधान गर्ने उपायहरूको खोजी गर्न ती दलहरूसँग वार्तामा संलग्न भएकोमा र,
- नागरिकताको प्रमाणपत्रमा उल्लेखित ठेगानामा बसोबास नगरेका नाम दर्ता गर्न योग्य व्यक्तिलाई सहज रूपले पहुँच दिलाउन बसाइँसराईको आवश्यक प्रमाणसम्बन्धी आफ्नो नीतिलाई फराकिलो तुल्याएकोमा ।

मतदानको निम्ति नाम दर्ता गर्न चाहने सबै नेपालीहरूका लागि अझ ठूला पहुँच र अवसरहरू वृद्धि गर्न समयमै सकारात्मक प्रयत्नहरू गर्नुका साथै त्यसका निम्ति थप कदम चाल्न कार्टर सेन्टर निर्वाचन आयोगलाई प्रोत्साहित गर्दछ ।

---

[४] सन् २०११को मार्च महिनामा निर्वाचन आयोगले आफ्नो नीतिमा परिवर्तन गरेपछि कुनै व्यक्तिले हाल बसोबास गरेको गाविस वा नगरपालिकाबाट आफ्नो स्थायी ठेगान प्रमाणित गर्ने पत्र प्राप्त गरेर आवश्यक अन्य कागजातमा नत्थी गरी पेस गऱ्यो भने त्यस पत्रलाई उसको बसाइँसराईको प्रमाणको रुपमा मान्यता दिइने व्यवस्था भयो । तथापि नगरपालिका चरण वा ब्रिजिङ चरणको (सेप्टेम्वर २०१०-मार्च २०११) अवधिमा त्यस्तो पत्रलाई मान्यता दिने व्यवस्था थिएन ।

[५] नागरिकताको प्रमाणपत्रमा उल्लेखित ठेगानादेखि बाहिर बसोबास गरिरहेका व्यक्तिहरूका साथसाथै अल्पसंख्यक समुदायका नाम दर्ता हुन योग्य व्यक्तिहरूलाई लक्षित गरेर नाम दर्ता गर्नको लागि अतिरिक्त चरणको व्यवस्था गर्ने विषयमा निर्वाचन आयोगले विचार गरिरहेको छ, तर अझैसम्म निर्णय भने भइसकेको छैन ।

[६] मतदाता दर्ता योजनामा निर्वाचन आयोगले दावी र विरोधको निम्ति पनि समय छुट्ट्याउने प्रावधान राखेको भएता पनि हालसम्म अस्थायी नामावली प्रदर्शन कसरी गरिन्छ भन्ने परिभाषित भएको छैन र दावी विरोधको निम्ति पनि कुनै संयन्त्र बनाइएको छैन ।

### ३. पर्यवेक्षणको विधि–प्रक्रिया

निर्वाचन परिचालन गर्ने कानुनी ढाँचाको समीक्षा गर्न र निर्वाचन आयोगका प्रतिनिधिहरू तथा प्रविधिक सहायता प्रदान गरिरहेका अन्तर्राष्ट्रिय संगठनहरूसंग वैठक संचालन गर्न सन् २०११ को फेब्रुअरी महिनामा कार्टर सेन्टरको दुई सदस्यीय टोलीले नेपालको भ्रमण गरेको थियो । 'ब्रिजिङ' चरणमा मतदाता नाम दर्ता भएका ४३ मध्ये १३ वटा जिल्लाहरूबाट मतदाताको नाम दर्ता प्रक्रियाका बारेमा सूचनाहरू संकलन गर्न फेब्रुअरी महिनाका अन्तिम दिनहरूदेखि मार्च महिनासम्म कार्टर सेन्टरका दीर्घकालीन पर्यवेक्षकहरूको ६ वटा टोलीहरू खटिएका थिए । ती पर्यवेक्षकहरूले खास गरी तराईका ९ वटा जिल्लाहरू बाँके, बारा, दाङ, धनुषा, कन्चनपुर, कपिलवस्तु, मोरङ, पर्सा र रुपन्देही तथा पहाडी जिल्लाहरू डोटी, इलाम, काठमाण्डौं र काभ्रेपलान्चोकबाट सूचनाहरू संकलन गरेका थिए ।

कार्टर सेन्टरका दीर्घकालीन पर्यवेक्षकहरूका टोलीहरूले[७] मतदाता सचेतनता र सहभागिता, मतदाताको नाम दर्ताको व्यवस्थापन र यस प्रक्रियामा राजनीतिक दलको सहभागिताका सम्वन्धमा सूचनाहरू बटुलेका थिए । त्यसका साथै उनीहरूले मतदाताहरूको नाम दर्ता गर्ने २५ वटा ठाउँहरूमा प्रत्यक्ष पर्यवेक्षण गरेका थिए ।

अन्तरवार्ता र प्रत्यक्ष पर्यवेक्षणद्वारा दीर्घकालीन पर्यवेक्षकहरूले मतदाताको नाम दर्ता गर्ने प्रक्रियाका सम्बन्धमा गुणात्मक र मात्रात्मक दुवै किसिमका सूचनाहरू बटुलेका थिए । मतदाता संख्याको गणना र दर्ताको कूल आँकडाका सम्बन्धमा निर्वाचन आयोगका अधिकारीहरूले संकलन गरेका तथ्याङ्कका अतिरिक्त ती पर्यवेक्षकहरूले प्रत्येक ठाउँमा कम्तिमा दशजना नागरिकहरूसंग अन्तरवार्ता गरेका थिए । ती अन्तरवार्ताहरू जो जो भेटियो उही उहीसँग गरिएका थिए । मतदाताको नाम दर्ता प्रक्रियाका सम्वन्धमा कति मानिसहरू सचेत छन्, कतिले यस प्रक्रियालाई बुझेका छन्, उनीहरूले यस प्रक्रियाका सम्बन्धमा कसरी ज्ञान पाए, कति जनाले मतदाताको गणना गर्ने गणकहरूलाई भेटे, आवश्यक कागजातहरू पेस गर्न कति जना सक्षम भए, नाम दर्ता गर्न नपाएका कति जनाले नाम दर्ता गर्न अब उनीहरूले के गर्नुपर्छ भन्ने कुरा बुझे, कति जनाले नाम दर्ता गर्ने चाहना देखाए र जुनसुकै कारणले भएपनि कति जना नाम दर्ताका लागि अयोग्य ठहरिए भन्ने कुराको निधो गर्न त्यसरी अन्तरवार्ता गरिएको थियो । मतदाताको नाम दर्ता गर्ने ठाउँहरूको प्रतिनिधित्व गर्ने नमूना व्यक्तिको रुपमा पर्यवेक्षकहरूलाई खटाउनु सम्भव थिएन, त्यसैले दीर्घकालीन पर्यवेक्षकहरूले फेलापारेका गुणात्मक तथ्याङ्कहरूमा मात्रै आधारित भएर देशभरिको अवस्थाको पूर्वानुमान गर्नु सम्भव छैन । तथापि आफूले फेलापारेका गुणात्मक तथ्याङ्कबाट यतिन्जेल मतदाताको सहभागिताको स्तर र मतदाताको नाम दर्ता गर्ने काममा निर्वाचन आयोगले सामना गरिरहेको चुनौतीभित्र चियाएर त्यसको वास्तविकतामाथि प्रकाश पार्ने अन्तरदृष्टि प्रदान गर्न दीर्घकालीन पर्यवेक्षकहरू सक्षम भएका थिए ।

कार्टर सेन्टरले पर्यवेक्षणका आफ्ना क्रियाकलापहरूलाई नेपालको कानुन, निर्वाचन पर्यवेक्षणको लागि निर्धारण गरिएको निर्वाचन आयोगको आचारसंहिता र अन्तर्राष्ट्रिय निर्वाचन पर्यवेक्षणको निम्ति घोषणा गरिएको सिद्धान्तहरूको मापदण्डअनुरुप संचालन गरेको छ । मतदाता नामावली दर्ता प्रक्रियालाई परिचालन गरिरहेको नेपालको कानुनी र शासकीय ढाँचासंग मेल खाने गरी कार्टर सेन्टरले मतदाता नामावली दर्ता प्रक्रियाको लेखाजोखा गरिरहेको छ । खास गरी, नेपालको अन्तरिम संविधान-सन् २००७, मतदाता नामावली सम्बन्धी ऐन-२००६ र मतदाताको नामावली सम्बन्धी नियम-२००७ र निर्वाचन आयोग, नेपालका नीति र विधि-प्रक्रियासंग मेल खाने गरी सेन्टरले त्यो काम गरिरहेको छ । सेन्टरले लोकतान्त्रिक निर्वाचन संचालन गर्ने अन्तर्राष्ट्रिय मानकमा पनि ध्यान दिएको छ । त्यस्ता मानकहरूमा खासगरी नेपालले हस्ताक्षर वा अनुमोदन गरेको संयुक्त राष्ट्रसंघको मानव अधिकारसम्बन्धी विश्वव्यापी घोषणपत्रको धारा २१, नागरिक र राजनीतिक अधिकारमाथि अन्तर्राष्ट्रिय प्रतिज्ञापत्रको धारा २, संयुक्त राष्ट्र संघको मानव अधिकार आयोगको सामान्य टिप्पणी २५, व्यक्तिको अधिकार र दायित्वसम्बन्धी संयुक्त राष्ट्र संघको घोषणा, विश्वव्यापी रुपमा मान्यताप्राप्त मानव अधिकार र स्वतन्त्रताका निम्ति बनेका समूह तथा निकायहरू, र जाति, राष्ट्रियता, जनजाति, लिङ्ग, उमेर, शिक्षा आदिका आधारमा भेदभाव गर्न प्रतिवन्ध लगाउने संयुक्त राष्ट्र संघका प्रतिज्ञापत्रहरू, उदाहरणका लागि महिलामाथि गरिने सबै किसिमका भेदभावहरू हटाउन गरिएको सम्मेलन, सबै किसिमका जातीय भेदभाव हटाउन गरिएको अन्तर्राष्ट्रिय सम्मेलन, आदिवासी र जनजातीहरूको अधिकारबारे गरिएको सम्मेलन र अपाङ्गता भएका व्यक्तिहरूको अधिकारका सम्बन्धमा गरिएको सम्मेलन तथा अन्य कुराहरूका साथै आन्तरिक रुपमा विस्थापितहरू सम्बन्धी निर्देशक सिद्धान्तहरू आदि पर्दछन् ।

### ४. विस्तृत तथ्यहरू

<u>(क) कानुनी खाका</u>

नेपालमा मतदाताको नाम दर्ता प्रक्रियालाई नेपालको अन्तरिम संविधान, सन् २००७ अनुरुप र त्यससंग नबाझिने गरी मतदाता नामावलीसम्बन्धी ऐन-सन् २००६ र मतदाता नामावलीसम्बन्धी नियमहरू-२००७ ले सम्हालेको छ । अहिले चलिरहेको मतदाताको नाम दर्ता प्रक्रियालाई सम्हाल्ने कानुनहरू सन् २००८ को संविधान सभाको निर्वाचनलाई सुहाउने गरी मस्यौदा गरिएका थिए । ती कानुनहरूमा मतदाता हुने योग्यता निर्धारण गर्ने सम्बन्धमा फराकिला आधारहरू रहेतापनि मतदाताको अहिले चलिरहेको दर्ता प्रक्रियाका प्रमुख पक्षहरूमा

[७] कार्टर सेन्टरको दीर्घकालीन पर्यवेक्षक टोलीमा दुईजना अन्तर्राष्ट्रिय पर्यवेक्षक, एकजना नेपाली पर्यवेक्षक र एक जना दोभाषे रहन्छन् ।

सुस्पष्ट प्रावधानहरू रहेका छैनन् । मतदातासम्वन्धी ऐनले मतदाताको रुपमा नाम दर्ता हुनको लागि योग्यता निर्धारण गर्ने सम्बन्धमा तीनवटा मानकहरू स्थापित गरेको छ । एउटा, दर्ता हुन चाहने व्यक्ति १८ वर्ष पुगेको वा त्यसभन्दा माथिको हुनुपर्छ । दोस्रो, ऊ नेपाली नागरिक हुनै पर्छ र तेस्रो कुनै निर्वाचन क्षेत्रमा नियमित रुपमा बसोबास गरेको हुनै पर्दछ । नेपालको कानुनअनुसार, मतदाताको रुपमा दर्ता हुन कुनै व्यक्ति १८ वर्ष उमेर पुगेको हुनुपर्ने भएता पनि सामान्य अन्तर्राष्ट्रिय अभ्यास के रहेको छ भने १८ वर्ष नपुगिसकेको कुनै व्यक्ति निर्वाचनअगावै वा निर्वाचनको दिन १८ बर्ष लाग्छ भने उसलाई पनि मतदाताको रुपमा नाम दर्ता गराउनु पर्दछ ।[८]

नागरिकतासंग जोडिएको विषयमा त्यस कानुनमा आपसमा बाभिने प्रावधानहरू रहेका छन् । एकातिर यसले मतदाताको नाम दर्ता कार्यक्रम संचालन गर्नका लागि नागरिकताको प्रमाणपत्र लगायत नागरिक भएको पुष्टि गर्ने अन्य कागजातहरूका सम्वन्धमा पनि विचार गर्ने जस्ता प्रावधानहरूसहित निर्वाचन आयोगलाई उदार तथा फराकिला नीति तथा कार्यविधिहरू तर्जुमा गर्ने अनुमति प्रदान गरेको छ भने अर्कातिर त्यस कानुनमा के पनि लेखिएको छ भने कुनै व्यक्तिले नागरिकताको प्रमाणपत्र पेस गर्न सकेन भने त्यत्तिकै आधारमा मतदाताका रुपमा नाम दर्ता गर्न पाउने उसको अधिकारबाट उसलाई वन्चित गर्नु हुँदैन र सरकारले दिएका अन्य लिखतहरू पेस गरे पनि पुग्छ । सन् २०११ को फेब्रुअरीमा सर्वोच्च अदालतले गरेको फैसलामा नागरिकताको प्रमाणपत्र चाहिने प्रावधान सम्वैधानिक हो भन्ने निर्णय गरेर यस विषयलाई सम्वोधन गरेको छ । र, त्यस फैसलामा मतदाताको रुपमा नाम दर्ता गर्न योग्य हुनको लागि एउटै आधारका रुपमा नागरिकताको प्रमाणपत्र उपयोग गर्न निर्वाचन आयोगलाई निर्देश गरेको छ ।

बसाइँसराईसँग जोडिएको विषयमा, कुनै व्यक्ति मतदाता हुनको निम्ति उसले कुनै निर्वाचन क्षेत्रमा नियमित रुपले बसोबास गरेको हुनै पर्छ भनेर कानुनले भनेको छ । त्यस कानुनले निर्वाचन आयोगलाई मतदाताको नाम दर्ता प्रक्रियाका निम्ति नीति र विधि-प्रक्रियाहरू निर्धारण गर्न फराकिलो क्षेत्र पनि प्रदान गरेको छ र नागरिकताको प्रमाणपत्रमा उल्लेखित स्थानहरूमा बसोबास नगरेका नागरिकहरूलाई हाल बसोबास गरिरहेको स्थानमा नाम दर्ता गर्न योग्य हुनको लागि नाम दर्ता गर्नुअघि बसाइँसराईको प्रमाण पेस गर्नु पर्ने निर्वाचन आयोगको नीति रहनुको आधार यही नै हो । त्यसभन्दा पनि प्रमुख कुरा के हो भने मतदाता सम्वन्धमा जालभेल र धाँधली हुनसक्ने सम्भावनालाई कटौती गर्नको लागि नाम दर्ता गर्न चाहने व्यक्तिलाई निर्वाचन अधिकारीहरूले 'नियमित बसोबास'को प्रमाण देखाउन अनुरोध गर्नुपर्ने प्रावधान अन्तर्राष्ट्रिय रुपमा चलेको सामान्य अभ्यास हो ।

अन्त्यमा हालसाल व्यबहारमा लागू भइरहेको मतदाता नाम दर्ता प्रक्रियाका धेरै पक्षहरूमा कानुन मौन छ । उदाहरणको लागि मतदाताको नाम दर्तास्थलहरूका निम्ति विद्यमान कानुनी ढाँचाभित्र सुस्पष्ट रुपले कुनै किसिमका प्रावधानहरू छैनन् । संविधान सभाको निर्वाचनअघि मतदाताहरूको नाम दर्ता गर्नका निम्ति एकमात्र माध्यमका रुपमा रहेको मतदाता गणना प्रक्रियाको निम्ति मात्र केही प्रावधानहरू थिए । मतदाताहरूको नाम निरन्तर दर्ता गर्ने अथवा दर्ता गरिने व्यक्तिको विस्तृत जानकारीसहित तथ्याङ्क संकलन गर्नको लागि पनि कानुनमा प्रावधानहरू छैनन् । मतदाताको नाम दर्ता गर्ने प्रक्रियालाई सम्हालिरहेका कानुनी ढाँचाहरूमा ठीक ढङ्गले काम सम्पन्न गर्न निर्देशित गर्ने प्रावधानहरू तोकिनु राम्रो हुने गरेको छ । जेहोस् सुस्पष्ट प्रावधानहरूको अभाव हुँदाहुँदै पनि निर्वाचन आयोगले गरिरहेका प्रयत्नहरू सबै नै सामान्य अन्तर्राष्ट्रिय अभ्यासहरू अनुरुप नै छन् ।

(ख) मतदाता दर्ताको कुल संख्याको प्रक्षेपण

नगरपालिकाहरूको चरणको निम्ति निर्वाचन आयोगले मतदाताको नाम दर्ता गर्ने कुल संख्याको लक्ष्य सन् २००८ को संविधान सभा निर्वाचन सम्पन्न गर्न प्रयोग भएको मतदाता नामावलीको ७५ प्रतिशत निर्धारण गरेको थियो । सन् २००८ को मतदाता नामावलीमा लगभग १ करोड ७६ लाख मतदाताहरू रहेका थिए । तीमध्ये २२ लाख ९९ हजार ७५७ मतदाताहरू ५८ वटा नगरपालिकाहरूबाट मतदाताहरूको नाम दर्ता गर्ने पहिलो चरणमा दर्ता भएका थिए । यस प्रकार, नगरपालिका चरणमा निर्वाचन आयोगले लक्षित गरेको आफ्नो ७५ प्रतिशतको आँकडा १ करोड ७२ लाख ४ हजार ८१८ पुऱ्याएको थियो । ब्रिजिङ र राष्ट्रव्यापी दर्ताका चरणहरूको निम्ति निर्वाचन आयोगले सन् २००८ को मतदाता नामावलीको ६० प्रतिशत मतदाता दर्ता गर्ने लक्ष्य निर्धारित गरेको छ ।[९] सन् २००८ मा गाविस तहमा दर्ता गरिएका मतदाताहरूको संख्या १ करोड ५२ लाख ५३ हजार ७११ थियो । त्यसमध्ये यी दुई चरणका निम्ति निर्वाचन आयोगले निर्धारण गरेको लक्ष्यमा ९१ लाख ८८ हजार १०५ मात्र नाम दर्ता हुन सक्यो ।

---

[८] विशेष रुपले संविधानको धारा ६३ (७)ले कुनै पनि व्यक्ति निर्वाचनमा मतदान गर्न योग्य हुनका लागि १५ डिसेम्बर २००७ सम्ममा १८ वर्ष पुगेको हुनै पर्दछ भनेर जोड दिन्छ । संविधानको यो धारा स्पष्टसँग संविधान सभाको निर्वाचनलाई सुहाउने गरी लेखिएको भएपनि यस धाराको भावना के पनि हो भने कुनै पनि निर्वाचनको निम्ति योग्य मतदाता हुन कुनै व्यक्ति १८ वर्ष पुगेको हुनै पर्दछ । त्यसका अतिरिक्त मतदाता नामावलीसम्बन्धी ऐनले के भन्छ भने नाम दर्ता गर्न योग्य हुनको लागि दर्ता कार्य सम्पन्न हुनुअघि त्यस बर्षको अप्रिल महिनासम्ममा उसले १८ वर्ष पुगेको हुनै पर्दछ । १६ र १७ वर्ष उमेरका व्यक्तिको पनि नाम दर्ता गर्ने निर्वाचन आयोगको योजनामा आएको कानुनी चुनौतीको प्रतिक्रियास्वरुप सन् २०१० को डिसेम्बर महिनामा सर्वोच्च अदालतले निर्वाचन आयोगलाई १६ वर्ष माथिका व्यक्तिहरूको नाम दर्ता गर्ने छुट दियो । निर्वाचनको दिनसम्म पनि १८ वर्ष नपुगेका व्यक्तिहरूको नाम अन्तिम मतदाता नामावलीबाट हटाइने समभदारीमा आधारित भएर सर्वोच्च अदालतले त्यस्तो छुट दिएको थियो ।

[९] सन् २०११ को जनवरी महिनामा निर्वाचन आयोगले मतदाता नामावली संकलनको लागि बनाएको कार्ययोजना र मापदण्डमा निर्वाचन आयोगले 'सन् २०११ मा कर्णाली अंचलका सबै जिल्लाहरू र पहाडी गाविसहरूका मतदाताहरूको लगभग संख्या निर्धारण गर्न सन् २००७ को मतदाता नामावलीमा रहेका मतदाताहरूको संख्याको ५० प्रतिशत मतदाताबारे निक्योंल गरिनुपर्छ' भनेको छ । बाँकी अन्य सबै क्षेत्रहरूमा भने सन् २००७ को नामावलीको ६० प्रतिशत मतदाता निर्धारित गर्ने आँकलन गरिएको छ ।

नगरपालिका र गाविसहरू दुवैमा गरेर मतदाताहरूको नाम दर्ता गर्ने लक्ष्य जम्मा १ करोड १० लाख थियो । त्यो संख्या सन् २००८ को संविधान सभाको निर्वाचनको मतदाता नामावलीको तुलनामा उल्लेखनीय कटौती हो । के बुझिएको छ भने सन् २००८ को मतदाता नामावलीमा धेरै त्रुटिहरू रहेका छन् । ती त्रुटिहरूमा-एउटै मतदाताको नाम दुई ठाउँमा दर्ता गर्ने, मृत्यु भैसकेका मतदाताहरूको नाम पनि दर्ता गर्ने र संभवतः आयोग्य मतदाताहरूको नाम पनि दर्ता गर्ने आदि रहेका छन् । नाम दर्ता गराएका अज्ञात संख्याका व्यक्तिहरू बसाइँ सरेर विदेश गइसकेको तथ्यलाई पनि ध्यान दिइएको छ । तैपनि, बसाइँसराईबाट कटौती भएको मतदाता संख्यालाई जनसंख्या वृद्धि तथा १६ बर्ष पुगेका व्यक्तिलाई नाम दर्ता गर्न दिने अहिलेको व्यबस्थाले सन्तुलनमा ल्याउनु पर्छ । समग्रमा भन्नुपर्दा, सन् २००८ को संविधान सभाको निर्वाचनको निम्ति तयार गरिएको मतदाता नामावलीको शुद्धतासम्वन्धी अनिश्चितताले नाम दर्ता गराउन योग्य व्यक्तिहरूको संख्याबारे यकिन गर्न त्यस नामावलीको उपादेयताबारे प्रश्नहरू उठाएको छ ।

निर्वाचन आयोगले कार्टर सेन्टरलाई जानकारी गराएअनुसार, नगरपालिका चरणको निम्ति मतदाताको नाम दर्ता गर्ने संख्याको लक्ष्य निर्धारणका निम्ति आँकडाको हिसाबकिताब १) यस अघि, संविधान सभाको चुनाव र मतदाताको नाम दर्ता गर्ने परीक्षणकालको चरणजस्ता निर्वाचनका घटनाहरूमा देखिएका मतदाताहरूको कुल संख्या, २) श्रम मन्त्रालय, केन्द्रीय तथ्याङ्क विभाग, परराष्ट्र मन्त्रालय र निर्वाचन आयोगलाई प्राविधिक सहयोग गरिरहेको युएन्डिपीले संचालन गरेको आन्तरिक अनुसन्धानजस्ता आँकडाहरूको एउटा श्रृङखला आदिमा आधारित रहेका थिए । 'ब्रिजिङ' चरण र राष्ट्रव्यापी चरणहरूका निम्ति ६० प्रतिशत आँकडाको लक्ष्य निर्धारण चाहिँ माथिका सबै कुरामा आधारित हुनुका साथै नगरपालिका चरणको कुल मतदाता संख्याको वास्तविकतामा आधारित थियो । निर्वाचन आयोगले कार्टर सेन्टरलाई के पनि जानकारी गराएको छ भने मतदाताको नाम दर्ता गर्ने संख्याको लक्ष्य निर्धारण दक्षतापूर्वक स्रोतहरूको बाँडफाँडका निमित्त योजना तर्जुमा गर्न सहयोग पुऱ्याउने उद्देश्यले मात्र गरिएको हो । तर, यदि अझ ठूलो संख्यामा योग्य मतदाताहरू नाम दर्ता गराउन आए भने निर्वाचन आयोगले निश्चित रुपमा लक्ष्य निर्धारण गरेको संख्याभन्दा बढी मतदाताहरूको नाम दर्ता गर्ने काम जारी राख्नेछ ।

नयाँ मतदाता नामावली बनाउँदा धेरै मुलुकहरूमा मतदाताको नाम दर्ताको कुल संख्या प्रक्षेपण गर्नको निम्ति जनगणनाको तथ्याङ्क प्रयोग गरिएको हुन्छ । दर्तायोग्य मतदाताहरूको सम्भावित संख्या आँकलन गर्नको लागि केन्द्रीय तथ्याङ्क विभागको सन् २००१ को जनगणनाले प्रक्षेपण गरेअनुरुपको जनसंख्याको आँकडाले उपयोगी उपकरणको रुपमा सघाउ पुऱ्याउन सक्छ । सन् २०११को निम्ति केन्द्रीय तथ्याङ्क विभागले गरेको जनसंख्याको प्रक्षेपणले १६ वर्षभन्दा माथिका नेपाली नागरिकहरूको संख्या मोटामोटी १ करोड ७८ लाख सुझाएको छ ।[१०] त्यसो भएको हुनाले सन् २००१ को जनगणनाको प्रक्षेपण निर्वाचन आयोगले अहिले मतदाताको नाम दर्ताको निम्ति आँकलन गरेको संख्या करीब १ करोड १० लाखभन्दा उल्लेखनीय रुपमा उच्च रहेको छ ।

जनसंख्याको समग्र आँकडाका साथै आन्तरिक र वाह्य बसाइँसराईको आँकडालाई अद्यावधिक गर्न सन् २००८ मा केन्द्रीय तथ्याङ्क विभागले राष्ट्रिय श्रमशक्ति सर्वेक्षण (National Labour Force Survey) संचालन गरेको थियो । त्यस सर्वेक्षण अनुसार, सन् २००८ मा नेपालको जनसंख्या २,३५,४३,५०५ थियो । त्यसमध्ये १, ३९, ३४००० व्यक्ति १६ वर्षभन्दा माथिको उमेरका थिए । राष्ट्रिय श्रम शक्ति सर्भेक्षणले त्यसबेला सबै उमेरका मानिसको जनसंख्याको ३३ प्रतिशत कि आफ्नो गाउँबाट बाहिर गएको कि विदेशमा गएको निर्क्यौल पनि गरेको थियो । निर्वाचन आयोगको हालको प्रक्षेपणमा त्यो आँकडा अझ बढी हुने देखिन्छ । हाल गरिएको १ करोड १० लाखको आँकलनमा त त्यो आँकडा त्यसभन्दा झन् बढी रहेको छ ।

केन्द्रीय तथ्याङ्क विभागको सन् २०११को प्रक्षेपण र सन् २००८ को राष्ट्रिय श्रमशक्ति सर्भेक्षणको आँकडाबीच रहेको उल्लेखनीय अन्तरले जनसंख्याको सटिक आँकलन तथा मतदाताको नाम दर्ता गर्ने संख्याको लक्ष्य निर्धारण गर्न निर्वाचन आयोगले सामना गरेका चुनौतीहरूलाई दर्शाउँछ ।

सन् २००१ को जनगणना द्वन्द्वकालमा गरिएको थियो भन्ने कुरातिर ध्यान दिएर र सन् २००१ को जनगणनामा आधारित भएर गरिएका प्रक्षेपणहरूका निम्ति उतिबेलैदेखिको जनसंख्याको ओहोरदोहोर तथा बसाइँसराईको ढाँचालाई दोष दिन सकिँदैन । बरु सन् २००८ मा राष्ट्रिय श्रमशक्तिले गरेको सर्वेक्षणजस्तो अलि ताजा सर्वेक्षणहरूलाई नेपाली जनसंख्याको अवस्था आँकलनको निम्ति वैकल्पिक उपकरणका रुपमा लिन सकिन्छ । त्यति हुँदाहुँदै पनि सन् २००८ को संविधान सभा निर्वाचनको मतदाता नामावलीमा आधारित भएर हाल मतदाताको नाम दर्ताको निम्ति गरिएका ७५ प्रतिशत र ६० प्रतिशतका आँकलनहरू एकदम ठीक र यथार्थपरक लक्ष्यअनुरुप छन् भन्ने देखाउन तिनले निर्वाचन आयोगबाट बलियो पुष्ट्याइँ माग गर्दछन् ।

यो चुनौतीको प्रतिक्रियास्वरुप निर्वाचन आयोगले 'लगत फारम' भनिने एउटा फारम तयार गरेको छ । एउटा परिवारमा १६ वर्ष पुगेका वा त्यसभन्दा माथिको उमेरका नागरिकहरू कति छन्, तिनीहरू मतदाता नामावलीमा राखिन योग्य छन् कि छैनन् , नागरिकताको प्रमाणपत्र

---

[१०] माथि प्रयुक्त, केन्द्रीय तथ्याङ्क विभागले जनसंख्या आँकलनका निम्ति गरेका प्रक्षेपणहरू प्रजनन ह्रास चर मध्यिकामा (medium fertility decline variant) आधारित छन् । तर केन्द्रीय तथ्याङ्क विभागले सर्वमान्य तथ्याङ्कशास्त्रीय सिद्धान्तहरू प्रयोग गरेर गरेका प्रक्षेपणहरू भने सन् २००१ को जनगणनाको आँकडाको अनुमानित शुद्धतामा आधारित छन् । यथार्थमा सन् २००१ को जनगणनाले नागरिकहरूलाई छुटाएर गैर नागरिकहरूलाई समावेश गरेको पनि हुनसक्छ । तथापि मतदाता दर्ताको लक्ष्य निर्धारणका निम्ति निर्वाचन आयोगका आँकलनहरूको तार्किकता पुष्टि गर्न केन्द्रीय तथ्याङ्क विभागले सन् २०११ को जनगणनावारे गरेका प्रक्षेपणहरू उपयोगी साधनहरू हुनसक्छन् ।

नभएका र अन्य जिल्ला वा विदेशमा गएका व्यक्तिहरूको संख्या कति छ भन्ने कुराको लगत त्यस फारममा राखिन्छ । यदि विवरण संकलकहरूले यसको समुचित उपयोग गरेभने देशबाहिर भएका कति जनाले मतदाताका रुपमा नाम दर्ता गर्न सकेनन् तथा नागरिकताको प्रमाणपत्र र बसाइँसराइको कागजात नभएर कतिजनाले नाम दर्ता गर्न सकेनन् भन्ने कुराको अझ बढी यकिन जानकारी प्राप्त हुनेछ । मतदाताका रुपमा नाम दर्ता नभएका व्यक्तिहरूको संख्याको यकिन पहिचान गर्न निर्वाचन आयोगले गरिरहेको यो प्रयत्न निकै सकारात्मक छ । तैपनि समयमै काम सक्नुपर्ने कुरा एउटा महत्वपूर्ण विषय हो ।

चालु दर्ता-प्रक्रिया सकिएपछि मात्रै लगतको तथ्याङ्क प्राप्त हुनेछ । त्यसो भएको हुनाले नेपाली जनता, नेपालका राजनीतिक दलहरू, नागरिक समाज र दर्ता प्रक्रियालाई सघाउ पुऱ्याइरहेको अन्तर्राष्ट्रिय समुदायलाई नाम दर्ताका सम्वन्धमा गरिएको लक्ष्य निर्धारणबारे प्रस्ट रुपले तर्क प्रदान गर्ने लगायत चलिरहेको राष्ट्रव्यापी दर्ता-प्रक्रियाको प्रस्ट चित्र देखाउने काम निकै ढिलो हुने बलियो सम्भावना छ । त्यसैले गर्दा लगतको तथ्याङ्कलाई सुदृढ पार्नुअघि जनसंख्या र बसाइँसराईको लेखाजोखा गर्नु वान्छनीय छ ।

अहिले दर्ता हुने मतदाताहरूको संख्या सन् २००८ को संविधान सभाको नामावलीभन्दा फरक हुने कुरा प्रस्ट छ । आन्तरिक बसाइँसराई, समुन्द्रपार बसाइँसराई, दोहोरो दर्ता र नागरिकताको प्रमाणपत्र चाहिने मान्यतालाई अझ कडाई गरिएको जस्ता कारणले मतदाताहरूको नाम दर्ता गर्न निर्धारित लक्ष्यलाई फरक पारिदिनेछ । दर्ता प्रक्रियाको प्रभावकारी योजना र बजेट तर्जुमा गर्न दर्ता गरिने मतदाताहरूको ठीक संख्याको आँकलन गर्नु महत्वपूर्ण हुन्छ । जनसंख्याको कुन आँकलनलाई प्रयोग गरिँदैछ, किन गरिँदैछ, र लक्ष्यहरू कुन कुन आधारमा कसरी निर्धारित गरिएका हुन् भन्ने बारेमा चाहिने पारदर्शितासम्वन्धी विषयमा एउटा सुस्पष्ट निर्णय हुनुपर्दछ । मतदाताहरूको नाम दर्ता गर्ने काममा आफ्नो आँकलनअनुरुप सन्तोषजनक तहमा पुगिएको छ भन्ने कुरालाई विश्वसनीय तवरले संकेत गर्नको लागि निर्वाचन आयोगले विस्तृतरुपले तर्कपूर्ण सफाई दिन सक्नुपर्दछ । मदताता दर्ता प्रक्रियाको सफलता अधिकांशतः दर्ता भएका मतदताहरूको कुल संख्याका आँकडाहरूद्वारा मापन गरिनेछ । यदि दर्ता हुने व्यक्तिहरूको संख्या अघिल्लो नामावलीको संख्याभन्दा बुझ्नै नसकिने गरी थोरै भएछ भने राजनीतिक दलहरू र नागरिकहरूले निर्वाचन आयोगलाई उत्तरदायी बनाउनुका साथै नयाँ मतदाता नामावलीको वैधतामाथि प्रश्न उठाउन सक्छन् ।

(ग) नगरपालिका चरण

निर्वाचन आयोगद्वारा परिचयपत्र नदिइएको हुनाले नगरपालिकाहरूको चरणको अवधिमा भएको मतदाताहरूको नाम दर्ताको क्रममा कार्टर सेन्टरले दर्तास्थलहरूमा पर्यवेक्षकहरू खटाउन सकेको थिएन । तैपनि कार्टर सेन्टरका पर्यवेक्षकहरूले निर्वाचन आयोगका अधिकारीहरू र निर्वाचन आयोगलाई सघाइरहेका अन्तर्राष्ट्रिय संगठनहरूसँग वैठकहरू गरेर नाम दर्ता प्रक्रियासम्वन्धी कामका प्रगतिहरू र अनौपचारिक रुपले जम्मा गरिएका सूचनाहरूको नजिकबाट अनुगमन गरेका थिए । सन् २०११ को फेब्रुअरी र मार्च महिनामा कार्टर सेन्टरका पर्यवेक्षकहरूले नगरपालिकाहरूको चरणको नाम दर्ताको बारेमा पनि सूचनाहरू संकलन गरे । त्यसमा मतदाताहरूको कुल दर्ता संख्याको आँकडा तथा दर्ता प्रक्रियामा आएका अवरोधहरूको प्रकृति र त्यसको असरसम्वन्धी सूचनाहरू पनि थिए । तिनै सूचनाहरूमा आधारित रहेर मतदाताहरूको कुल संख्याको आँकडा र यस चरणलाई प्रभावित गरेको हुनसक्ने चुनौतीहरूको आंशिक विश्लेषण गर्न कार्टर सेन्टर समर्थ भएको छ ।

*१. मतदाता दर्ताको वास्तविक संख्या-नगरपालिका चरण*

सन् २००८को मतदाता नामावलीमा रहेका मतदाताहरूको ७५ प्रतिशत दर्ता गर्ने लक्ष्य प्रयोग गरेर निर्वाचन आयोगले सन् २०१० को सेप्टेम्वर र डिसेम्वर महिनाबीचमा ४३ जिल्लाका ५८ वटा नगरपालिकाहरूबाट १७,२४,८१८ जना मतदाताहरूको नाम दर्ता गराउन सकिन्छ भन्ने कुरा प्रक्षेपण गऱ्यो । ५८ वटा नगरपालिकाहरूमा दर्ता भएका मतदाताहरूको संख्याले निर्वाचन आयोगले आफ्नो लक्ष्यभन्दा लगभग २५ प्रतिशत थोरै मतदाताहरूलाई नाम दर्ता गराउन सक्यो भन्ने देखाउँछ । मार्च २३, २०११ मा नगरपालिका चरणमा १२,६१,५५७ मतदाताहरूले[११] नाम दर्ता गराएका थिए भने त्यसैबेला निरन्तर मतदाता दर्ताद्वारा ४,६३,२६१ मतदाताहरू दर्ता भएका थिए । निरन्तर दर्ता चरणमा नाम दर्ता भएकाहरूको संख्या पनि निर्वाचन आयोगले प्रक्षेपण गरेको संख्याभन्दा कम थियो ।

सन् २००८ को मतदाता नामावलीको आँकडा र त्यसको ७५ प्रतिशत दर्ता गर्ने प्रक्षेपणको आँकडा

| **सन् २००८ को नामावलीमा दर्ता भएकाहरूको संख्या** | **नगरपालिकाहरूको चरणका निम्ति प्रक्षेपण गरिएको (७५ प्रतिशत) दर्ता संख्या** | **२३ मार्च २०११ मा एकत्रित गरिएको कुल दर्ता संख्या** | **सन् २००८ को नामावलीको प्रतिशत** | **नगरपालिकाहरूको चरणका निम्ति प्रक्षेपण गरिएको दर्ता प्रतिशत** |
|---|---|---|---|---|
| २२,९९,७५७ | १७,२४,८१८ | १२,६१,५५७ | ५४.८६ | ७३.१४ |

[११] सन् २०११ को अप्रिल महिनामा सम्पन्न भएको कार्यक्रम समन्वय समितिको वैठकमा निर्वाचन आयोगले १२,८५,९०४ व्यक्तिहरूको वैकल्पिक आँकडा प्रस्तुत गऱ्यो । त्यो आँकडा सन् २०१० को डिसेम्वर महिनासम्ममा दर्ता भएअनुसारको आँकडा थियो । साथै, १२,६१, ५८४ मतदाताहरूको तथ्याङ्कचाहिँ निर्वाचन आयोगको केन्द्रीय तथ्याङ्क केन्द्रमा सन् २०११ को २३ मार्चमा एकत्रित गरिएको आँकडा प्रस्तुत गरिएको थियो । यी ससाना असंगति वाहेक बाँकी तीनवटै संख्याहरूले नगरपालिका चरणमा सन् २०१० को लक्ष्यको ७५ प्रतिशत कुल संख्या दर्ता भएको देखाउँछन्, साथै तिनले सन् २००८ को संविधान सभा निर्वाचनको निम्ति तयार गरिएको मतदाता नामावलीको करीब ५५ प्रतिशत दर्ता भएको पनि देखाउँछन् ।

सन् २०११ को केन्द्रीय तथ्याङ्क विभागको प्रक्षेपणअनुसार, लैङ्गिक वितरण र २० देखि ४४ बर्ष उमेरका व्यक्तिहरूबीच लैङ्गिक वितरणको सन्दर्भबाट हेर्दा अलिकति मात्र फरक देखिन्छ । त्यो प्रक्षेपणमा लैङ्गिक वितरणमा पुरुष ५१.१ प्रतिशत र महिला ४९.९ प्रतिशत छन् भने २० देखि ४४ बर्ष उमेरको लैङ्गिक वितरणमा पुरुष ४९.० प्रतिशत र महिला ५१ प्रतिशत छन् ।[१२] तैपनि २३ मार्च २०११ मा एकत्रित गरिएको कुल दर्ता संख्याको विवरणले के देखाउँछ भने नगरपालिकाको चरणमा पुरुषहरूले भन्दा (४७.९प्रतिशत) महिलाहरूले (५२.१ प्रतिशत) बढी नाम दर्ता गराएका छन् ।

उमेर र लिङ्गको विवरणद्वारा दर्ताको आँकडा

| **उमेर समूह** | **पुरुष** | **महिला** | **तेस्रो लिङ्गी** | **जम्मा** |
|---|---|---|---|---|
| १६-२१ | ६४,२२९ | ५३,८२५ | १ | १,१८,०५४ |
| २२-२७ | ७८,८४९ | ९०,९७१ | २ | १,६९,८२० |
| २८-३३ | ७८,०७६ | ९४,६६५ | ६ | १,७२,७४१ |
| ३४-३९ | ७५,४३३ | ९१,४९९ | ४ | १,६६,९३२ |
| ४०-४५ | ८०,०३१ | ९१,५८३ | ४ | १,७१,६१४ |
| ४६-५१ | ६७,६९२ | ७१,८४३ | २ | १,३९,५३५ |
| ५२-५७ | ५७,२६७ | ५९,३४७ | ५ | १,१६,६१४ |
| ५८-६३ | ४३,२५७ | ४२,२९६ | १ | ८५,५५३ |
| ६४-६९ | २९,७५७ | २९,२९६ | १ | ५८,९५३ |
| ७० देखिमाथि | ३०,११६ | ३१,६२५ | ० | ६१,७४१ |
| **जम्मा :** | **६,०४,६०७** | **६,५६,९५०** | **२६** | **१२,६१,५५७** |

नाम दर्ता गराउनेहरूमध्ये २२ देखि ४५ वर्षको उमेर समूहका पुरुष र महिलाको बीचमा रहेको लैङ्गिक अन्तर सबभन्दा उल्लेखनीय छ । नगरपालिकाहरूको चरणमा मतदानको निम्ति नाम दर्ता गराउनेहरूमध्ये त्यस उमेर समूहमा पुरुषभन्दा महिलाहरू करीब १८ प्रतिशत बढी छन् । नाम दर्ता भएका पुरुष र महिलाहरूबीच त्यस्तो अन्तर रहनुको आंशिक कारण कुन तथ्यलाई उल्लेख गर्न सकिन्छ भने उल्लेखनीय प्रतिशतका नेपाली पुरुषहरू कामको निम्ति वा अन्य उद्देश्यले विदेश वा गृहजिल्लाबाहिर गएका छन् । तैपनि पूर्वानुमान गरिएभन्दा थोरै मतदाताहरूको नाम दर्ता हुनुको अर्को आंशिक कारणको रुपमा बसाइँसराईको असरलाई पनि उल्लेख गर्न सकिन्छ । अन्य कारकहरूमा, केही नगरपालिकाहरूमा  मतदाताको नाम दर्ता गर्ने प्रक्रियामा राजनीतिक दलहरूले पुऱ्याएको अवरोधका साथै अज्ञात संख्याका व्यक्तिहरूले नाम दर्ता गर्न योग्य हुनको लागि आवश्यक कागजातहरू पेस गर्न नसकेकोले पनि दर्ता संख्यालाई प्रभावित गरेको छ । ती कारकहरूको असरका बारेमा तल बयान गरिएको छ ।

*२. नगरपालिका चरणका नाम दर्तामा अवरोधहरू*

५८ वटा नगरपालिकाहरूमध्ये १२ वटामा नगरपालिका चरणको अवधिमा राजनीतिक दलहरूले दर्ता प्रक्रियामा अवरोध पुऱ्याएका थिए । मतदाताको रुपमा योग्य हुनको लागि प्रमाणको रुपमा नागरिकताको प्रमाणपत्र चाहिने प्रावधानको विरोध गर्न थुप्रै मधेसवादी राजनीतिक दलहरूले विराटनगर (मोरङ), इनरुवा (सुनसरी), रामग्राम (नवलपरासी), बुटवल र सिद्धार्थनगर (रुपन्देही), तौलिहवा (कपिलवस्तु), नेपालगंज (बाँके) र कलैया (बारा) आदि आठवटा नगरपालिकाहरूमा अवरोध पुऱ्याएका थिए । विरोधमा उत्रिएका यी दलहरूले के दावी गरेका छन् भने नागरिकताको प्रमाणपत्र चाहिने प्रावधानले गर्दा मतदाता हुनसक्ने थुप्रै व्यक्तिको मतदानको अधिकार हरण हुनेछ । उनीहरूले बताएअनुसार, खास गरी तराईको दक्षिणी भागमा अघिल्ला निर्वाचनहरूमा मतदाताका रुपमा योग्य मानिएर नाम दर्ता भएका धेरै व्यक्तिहरूसँग अझै पनि नागरिकताको प्रमाणपत्र छैन । संघीय लिम्बुवान राज्य परिषदसँग आवद्ध संघीय लोकतान्त्रिक राष्ट्रिय मंचले[१३] पनि चारवटा नगरपालिकाहरू दमक र मेचीनगर (झापा), धनकुटा र धरान (सुनसरी)मा अवरोध पुऱ्याएको थियो । यो मंचले चाहिँ निर्वाचनसँग सम्बन्धित क्रियाकलापहरू संचालन गर्नुअघि नै मुलुकले संघीय ढाँचा अवलम्बन गर्नुपर्ने र निर्वाचन परिचालनको जिम्मेवारीलाई संघीय राज्यले नै व्यवस्थापन गर्नुपर्ने माग गरेर अवरोध पुऱ्याएको थियो ।

राजनीतिक दलहरूले पुऱ्याएका अवरोधहरूको प्रकृति नगरपालिकापिच्छे फरक खालका छन् । तर, अवरोधका प्रकृतिहरूमध्ये धेरैजसो निर्वाचन अधिकृतहरूको अपहरण र केही अवस्थाहरूमा हिंसात्मक वारदातहरू भएको जानकारीमा आएको छ । उदाहरणको लागि :

---

[१२] माथि प्रयोग गरिएको, जनसंख्याको आँकलनका निम्ति केन्द्रीय तथ्याङ्क विभागले गरेका प्रक्षेपणहरू प्रजनन ह्रास चर मध्यिकामा (medium fertility decline variant) आधारित छन् ।

[१३] संघीय लिम्बुवान राज्य परिषदमा तीनवटा प्रमुख गुटहरू छन् । ती क्रमशः कुमार लिङ्देन, सानजुहाङ पालुङ्ग्वा र मिसेखाङ् थामसुहाङको नेतृत्वमा रहेका छन् ।

- रुपन्देही जिल्लाको सिद्धार्थनगर नगरपालिकामा थुपै मधेसवादी दलहरूले अवरोध पुऱ्याएका थिए । तिनमा मधेसी जन अधिकार फोरम, सद्भावना पार्टी र तराई मधेस लोकतान्त्रिक पार्टी (तमलोपा) थिए । ( त्यही बेला कार्टर सेन्टरले त्यही जिल्लाको बुटवल नगरपालिकामा भ्रमण गर्दा त्यो नगरपालिका चाहिँ प्रभावित थिएन ।) नगरपालिका चरणमा नाम दर्ता रोक्नको लागि जिल्ला निर्वाचन कार्यालय (जिनिका) मा धम्कीसहितको फोन पनि आएको थियो । र, त्यसपछि जिनिकाको कार्यालय अघिल्तिर एउटा बम पनि राखिएको थियो । त्यो बम जनतान्त्रिक तराई मुक्ति मोर्चा नाउँको एउटा सशस्त्र समूहले राखेको थियो ।
- कपिलवस्तुको तौलिहवा नगरपालिकामा मधेसी जनअधिकार फोरम, तमलोपा र सद्भावना पार्टीले अक्टोवर महिनादेखि दर्ता प्रक्रियामा अवरोध पुऱ्याएका थिए । ती दलहरूले मतदाताहरूलाई दर्तास्थलमा पुग्न नदिएर अवरोध पुऱ्याएका थिए । त्यसका साथै तौलिहवामा तमलोपाका एक जना प्रतिनिधिले कार्टर सेन्टरका पर्यवेक्षकहरूसँग 'एउटा कम्प्युटर फुटाइदिएको' कुरा पनि बताएका थिए ।
- बाँकेमा सेप्टेम्वर महिनादेखि मधेसी जनअधिकार फोरम (लोकतान्त्रिक), मधेसी जनअधिकार फोरम, नेपाल, तमलोपा र नेपाल सद्भावना पार्टी (आनन्दीदेवी)ले मतदाता दर्ता प्रक्रियामा अवरोध पुऱ्याएका थिए । तीनवटा दर्तास्थलबाट मधेसवादी दलका प्रतिनिधहरूले ल्यापटप, क्यामेराहरू, औंठाछापको स्क्यानर आदि लिएर गएका थिए । यद्यपि पछि गएर, जिल्ला निर्वाचन कार्यालयले ती सामानहरू फिर्ता गराएको थियो । थप तोडफोडका धम्कीहरू आउन थालेपछि अन्ततः जिल्ला निर्वाचन कार्यालयले मतदाता दर्ता-प्रक्रिया स्थगित गरेको थियो ।
- नागरिकताको प्रमाणपत्र चाहिने प्रावधान हटाएर सन् २००८ को संविधान सभा निर्वाचनको मतदाता नामावलीमा रहेका सबै व्यक्तिहरूलाई नाम दर्ता गर्न दिनुपर्छ, अन्यथा कलैयामा मतदाताको नाम दर्ता गर्न नदिने भन्दै बारामा मधेसवादी दलहरूले जिल्ला निर्वाचन कार्यालयमा ज्ञापनपत्र बुझाएका थिए । तैपनि जिल्ला निर्वाचन कार्यालयले नगरपालिकामा नाम दर्ताको काम अघि बढाउने निर्णय गरेपछि ती दलहरूले जिल्ला निर्वाचन कार्यालयका फारम र फाइलहरू जफत गरेर आगो लगाइदिएका थिए ।
- मोरङमा विराटनगर नगरपालिकाका ९ वटा वडाहरूमा मतदाताको नाम दर्ता गर्ने काम सम्पन्न भयो । त्यतिबेला त्यहाँ थुप्रै मधेसवादी दलहरूले एउटा दर्तास्थलमा प्रत्यक्ष अवरोध पुऱ्याएका थिए । साथै, दर्ता प्रक्रिया बन्द गर्ने माग गर्दै ती दलका थुप्रै कार्यकर्ताहरू दर्तास्थलमा पुगेका थिए । त्यसैले गर्दा बाँकी रहेका वडाहरूमा जिल्ला निर्वाचन कार्यालयले जिल्ला सदरमुकाममा मतदाता दर्ता प्रक्रियालाई स्थगित गर्नु परेको थियो ।

तीनवटा नगरपालिकाहरूमा मतदाता दर्ता प्रक्रिया लगभग पूरा हुन लागेको हुनाले माथि उल्लेखित अवरोधहरूको प्रतिक्रियास्वरुप जिल्ला सदरमुकामहरूमा दर्ताको बाँकी काम निरन्तर दर्ता प्रक्रियाबाट पूरा गर्ने निर्णय निर्वाचन आयोगले गऱ्यो । साथै, अवरोधको समस्या समाधान गर्ने प्रयत्न गर्न निर्वाचन आयोगले विरोधमा उत्रिएका दलहरूसँग राष्ट्रिय र जिल्ला दुवै तहमा वार्ता अगाडि बढायो । नगरपालिकाहरूको चरणमा उल्लेखित अवरोधहरूको परिणामस्वरुप सरदर सबै नगरपालिकाहरूको दाँजोमा अवरोधले प्रभावित गरेका क्षेत्रहरूको दर्ता दर कम थियो ।

केही नगरपालिकाहरूको मतदाता दर्ता आँकडा (+अवरोध भएका ठाउँहरू)

| **नगरपालिका** | **जिल्ला** | **कार्टर सेन्टरले भ्रमण गरेको मिति** | **लक्षित दर्ता संख्या ९संवि.सभा निर्वाचन नामावलीको ७५५०** | **नगरपालिका चरणमा वास्तविक दर्तासंख्या** | **लक्ष्यको प्रतिशत** |
|---|---|---|---|---|---|
| **विराटनगरं** | मोरङ | २५फेब्रुअरी, २०११ | ८४,००० | ३५,४८५ | ४२.२४% |
| **वीरगंज** | पर्सा | ५ मार्च, २०११ | ५५,४४८ | ४७,७३१ | ८६.०८% |
| **धुलिखेल, बनेपा,पनौती** | काभ्रेपलान्चोक | २२ फेब्रुअरी, २०११ | ३४,३७४ | ३२,८३९ | ९५.५३% |
| **दिपायल–सिलगढी** | डोटी | २ मार्च, २०११ | १०,८१० | ७,३३१ | ६७.८१% |
| **इलाम** | इलाम | २९ मार्च, २०११ | ७,३८७ | ७,२६५ | ९८.३४% |
| **महेन्द्रनगर** | कन्चनपुर | २५ फेब्रुअरी, २०११ | ४८,९२२ | ३९,०७१ | ७९.८६% |
| **नेपालगंजं** | बाँके | ३० मार्च, २०११ | २६,६२३ | ५,५२२ | २०.७१% |
| **तौलिहवां** | कपिलवस्तु | ६ मार्च, २०११ | १४,९८८ | २,३७३ | १५.८०% |

द्रष्टव्यः सबै तथ्यांकहरू जिल्ला निर्वाचन कार्यालयले कार्टर सेन्टरका पर्यवेक्षकहरूलाई जिल्ला सदरमुकाममा बताएको हो । सबै आँकडाहरू अनौपचारिक हुन् र पछिल्ला अनुगमनहरूमा परिवर्तित भएका पनि हुन सक्छन् ।

यो ठाउँमा आइपुग्दा यतिन्जेल निर्वाचन आयोगले अवरोधहरूबाट प्रभावित नगरपालिकाहरूमा मतदाता प्रक्रियालाई फेरि अघि बढाउने योजनाको औपचारिक घोषणा गरेको छैन । तथापि निर्वाचन आयोगले राष्ट्रव्यापी दर्ता चरणको काम सकिएपछि वा त्यसै अवधिमा त्यस्ता नगरपालिकाहरूमा सम्भव भएसम्म फेरि दर्ता प्रक्रिया अघिबढाउन चाहेको कुरा कार्टर सेन्टरलाई बताएको छ । र, नागरिकताको प्रमाणपत्र वितरण गर्ने काम विस्तार गर्न गृह मन्त्रालयले थप कदमहरू चालेपछि निर्वाचन आयोगले मतदाता दर्ता प्रक्रिया अघि बढाउने कुरालाई प्राथमिकतामा राखेको छ ।

*३.मतदाताका रुपमा नाम दर्ता हुने योग्यताका निम्ति चाहिने कुराहरू-नगरपालिका चरणमा*

अवरोधले गर्दा केही जिल्लाहरूमा मतदाताहरूको नाम दर्ताको आँकडा थोरै भएपनि यसले अरु ठाउँमा कुल दर्ता कम हुनुको कारणको रुपमा काम गर्न सक्दैन । मतदाताका रुपमा नाम दर्ता हुने योग्यताका निम्ति चाहिने कुराहरू १) नागरिकताको प्रमाणपत्र र २) नागरिकताको प्रमाणपत्रमा उल्लेख भएको ठेगानाबाट अन्यत्र बसोबास गरेको भए पेस गर्नुपर्ने बसाइँसराईको प्रमाणले सम्भवतः केही व्यक्तिलाई नाम दर्ता गराउन वाधाको रुपमा काम गरेको छ । तर आवश्यक कागजात नभएका योग्य व्यक्तिहरूको यकिन संख्या अज्ञात नै छ । नेपाल सरकारले विगतमा संचालन गरेको अनुसन्धानका[१४] साथसाथै निर्वाचन आयोग र IFES ले संयुक्त रुपमा हालै गरेको आन्तरिक अध्ययनले समस्याको स्तरवारे केही संकेत गरेको छ । त्यसभन्दा बढी सन् २००८ मा गरिएको राष्ट्रिय श्रमशक्ति सर्वेक्षण (NLFS) को आँकडा अनुसार, आन्तरिक बसाइँसराई गर्नेहरूको संख्या ८४ लाखसम्म उच्च रहेको पाइएको छ । समग्रमा, सबै नेपालीहरूमध्ये द्वन्द्व शुरु भएदेखि द्वन्द्वको अवधिभरिमा आफ्नो जिल्लाबाट अर्को जिल्लामा वा आफ्नो गाविसबाट अर्को गाविस र नगरपालिकामा बसाइँ सरेर जानेहरूको संख्या ३३ प्रतिशत रहेको पाइएको छ ।[१५]

सन् २०१० को नोभेम्वर महिनामा निर्वाचन आयोगले नागरिकताको प्रमाणपत्र चाहिने आफ्नो नीति विपरीत यस्तो प्रावधानले समस्या निम्त्याउन सक्छ भनेर गरेको घोषणालाई कार्टर सेन्टर स्वीकार गर्दछ । सेन्टर के पनि स्वीकार गर्दछ भने सर्वोच्च अदालतले सन् २०११ को फेब्रुअरी महिनामा दिएको फैसलालाई निर्वाचन आयोगले पालना गर्नुपर्दछ । त्यस फैसलाले मतदाताको रुपमा दर्ता हुन चाहने व्यक्तिले नागरिकताको प्रमाणपत्र पेस गर्नुपर्दछ भनेर निर्वाचन आयोगलाई फैसला कार्यान्वयन गर्न आदेश दिएको थियो । सर्वोच्च अदालतले त्यस फैसला सँगसँगै, योग्य नेपालीहरूलाई नागरिकताको प्रमाणपत्र दिने प्रावधानको लागि ताकेता गर्न मन्त्रीपरिषदलाई निर्देशन पनि दिएको थियो । तर खेदजनक कुरा के छ भने सबै योग्य नेपाली नागरिकहरूसँग नागरिकताको प्रमाणपत्र हुने अवस्था सुनिश्चित गर्न प्रभावकारी व्यवस्था मिलाउने काममा आजका मितिसम्म पनि गृहमन्त्रालयले कुनै ठोस कदम चालेको छैन । योग्य व्यक्तिहरूलाई नागरिकताको प्रमाणपत्र दिन सरकारले छिटो कदम चालोस् भन्ने माग गर्दै सन् २०११ को फेब्रुअरी महिनामा प्रधानमन्त्रीलाई पत्र लेखेकोमा पनि कार्टर सेन्टर निर्वाचन आयोगको सह्राहना गर्दछ ।

व्यक्तिहरूलाई बसाइँसराईको एउटा स्वीकार्य ढाँचाका रुपमा हाल बसोबास गरिरहेको नगरपालिका वा गाविसबाट उनीहरू त्यहाँ बसिरहेका छन् भन्ने प्रमाणित हुने खालको एउटा पत्र प्राप्त गर्ने अनुमति दिएर सन् २०११ को मार्च महिनामा निर्वाचन आयोगले बसाइँसराईको प्रमाणसम्वन्धी आफ्नो नीतिमा संशोधन गरेकोमा पनि कार्टर सेन्टर निर्वाचन आयोगको सह्राहना गर्दछ । तैपनि स्थानीय तहमा यो कुरा कसरी लागू गरिन्छ भन्ने अस्पष्ट नै छ । सेवाग्राहीले त्यस्तो पत्र प्राप्त गर्नको लागि फरक फरक ठाउँका गाविस कार्यालयहरूद्वारा उनीहरूसँग माग गर्ने कागजातहरूका किसिममा उल्लेखनीय भिन्नता पनि आउन सक्छ । त्यसका साथै नागरिक हुन योग्य जनसंख्याको एउटा ठूलो प्रतिशत बसाइँ सरेको छ र आन्तरिक रुपले अस्थायी रोजगारी, अध्ययन तथा अन्य कारणले त्यस्तो बसाइँसराई जारी रहने निश्चितप्रायः छ ।

अस्थायी र मौसमी कामदारहरू, विद्यार्थीहरू, भूमिहीन जनता र गाविस तहमा कर्मचारीहरू समेत नभएकाले राज्यको उपस्थिति अत्यन्त सीमित भएका क्षेत्रहरूमा बसोबास गरिरहेका व्यक्तिहरू समेतको जनसंख्याको खण्डमा नाम दर्ता गर्न पुगिरहेको वाधालाई सकेसम्म हटाउने कुरा सुनिश्चित गर्नु निर्वाचन आयोगको लागि महत्वपूर्ण छ ।

घ. निरन्तर दर्ता

नगरपालिकाको चरणमा नाम दर्ता गर्न नसकेका व्यक्तिहरूलाई (वा कुनै कारणले राष्ट्रव्यापी चरणमा नाम दर्ता गर्न छुटाएकालाई) निरन्तर दर्ताको माध्यमबाट नाम दर्ता गराउने अवसर दिइएको छ, तर निर्वाचन आयोगले यस्तो अवसरको प्रावधानलाई अझैसम्म पनि राम्ररी प्रचार गरेको छैन । त्यसो भएको हुनाले कार्टर सेन्टरले पर्यवेक्षण गरेका जिल्लाहरूमा नगरपालिका र गाविस दुवैतिरका वासिन्दाहरूमध्ये तुलनात्मक रुपमा निकै थोरै व्यक्तिहरूले यस प्रक्रियाद्वारा नाम दर्ता गराएका छन् । डोटी, इलाम, कन्चनपुर, काभ्रेपलान्चोक र मोरङ, यी पाँच जिल्लाहरूमा प्रतिदिन सरदर पाँच जना व्यक्तिहरू जिल्ला निर्वाचन कार्यालयमा नाम दर्ता गराउन आएको कुरा निर्वाचन अधिकारीहरूले बताएका छन् । कपिलवस्तुमा त जिल्ला निर्वाचन कार्यालयमा आएर कुल चार जनाले मात्रै नाम दर्ता गराएको कुरा निर्वाचन अधिकारीहरूले बताए । निरन्तर नाम दर्ता प्रक्रियाद्वारा प्रतिदिन नाम दर्ता गर्ने व्यक्तिहरूमध्ये दुईवटा जिल्लामा सरदर संख्या बढी रहेको थियो : पर्सामा प्रतिदिन सरदर २५ व्यक्तिले नाम दर्ता गराएका थिए । त्यस अनुसार, सन् २०११ फेब्रुअरी महिनाको अन्त्यसम्ममा १,४८० जनाले नाम दर्ता गराएका थिए । त्यस्तै, काठमाण्डौंमा सरदर ४० देखि ५० जनासम्मले प्रतिदिन नाम दर्ता गराएका थिए । त्यसअनुसार, काठमाण्डौंमा सन् २०११ को मार्च महिनाको अन्त्यसम्ममा कुल २,९३० जनाले नाम दर्ता गराएका थिए ।

---

[१४] सन् १९९५ मा गरिएको एक अध्ययनमा सरकारले के पत्ता लगाएको थियो भने ३४ लाखदेखि ५० लाखको संख्यासम्मका नेपालीहरूले नागरिकताको प्रमाणपत्र पाएका छैनन् । (धनपति उपाध्याय आयोगको प्रतिवेदन, श्री ५ को सरकार, सन् १९९५) त्यसपश्चात् सरकारले सन् २००७ मा नागरिकताको प्रमाणपत्र वितरणको निम्ति व्यापक अभियान चलायो र भण्डै २६ लाख नेपालीहरूलाई नागरिकताको प्रमाणपत्र दियो ।

[१५] जनसंख्याको २३ प्रतिशत १५ वर्षभन्दा माथिको उमेरका वयस्कहरू आफ्नो घरभन्दा बाहिर पुगेका छन् र जनसंख्याको ३३ प्रतिशत सबै उमेर समूहका व्यक्तिहरू आफ्नो गाविस वा नगरपालिकाबाट बसाइँ सरेका छन्, कि विदेश पुगेका छन् । (केन्द्रीय तथ्याङ्क विभाग, राष्ट्रिय योजना आयोगको सचिवालय, नेपाल सरकार-राष्ट्रिय श्रमशक्ति सर्भेक्षण, सन् २००८को तथ्याङ्कगत प्रतिवेदन ।)

ङ. 'ब्रिजिङ' चरण

सन् २०१० को नोभेम्वर महिनामा निर्वाचन आयोगले नागरिकताको प्रमाणपत्र चाहिने प्रावधान हटाउने एउटा निर्णयको घोषणा गर्‍यो । साथै, त्यसको लगत्तै निर्वाचन आयोगको निर्णयको सम्वैधानिकता मूल्याङ्कनका निम्ति सर्वोच्च अदालतमा समावेदन पर्‍यो । कुनै अर्को निर्णयमा नपुगुन्जेल नागरिकताको प्रमाणपत्र चाहिने प्रावधान हटाउने निर्णय कार्यान्वय गर्नबाट निर्वाचन आयोगलाई रोक्नका निम्ति सर्वोच्च अदालतले निषेधाज्ञा जारी गर्‍यो । त्यसपछि सन् २०११ को फेब्रुअरीमा सर्वोच्च अदालतले मतदाताको नाम दर्ताको निम्ति नागरिकताको प्रमाणपत्र चाहिने प्रावधान लागू गर्न निर्वाचन आयोगको नाममा आदेश जारी गर्‍यो । त्यो आदेश सँगसँगै सर्वोच्च अदालतले नागरिकताको प्रमाणपत्र नपाएका व्यक्तिहरू, खास गरी विधवाहरूलाई नागरिकताको प्रमाणपत्र वितरण गर्नको लागि आवश्यक व्यवस्था मिलाउन गृह मन्त्रालयलाई निर्देशन दियो । त्यसअघि, सर्वोच्च अदालतको फैसला आउन बाँकी रहँदा निर्वाचन आयोगले सन् २०१० को डिसेम्वर महिनामा राष्ट्रव्यापी चरणमा शुरु गर्न खोजेको मतदाताहरूको नाम दर्ता प्रक्रिया ढिलो हुन गएको थियो । तैपनि निर्वाचन आयोगले सन् २०१० को डिसेम्वर महिनाको उत्तरार्द्धमा एउटा अन्तरिम समयमा 'ब्रिजिङ' कार्यक्रम शुरु गर्‍यो । त्यसबाट सर्वोच्च अदालतको फैसला आउनुअघि केही सीमित क्षेत्रहरूमा मतदाताको नाम दर्ता गर्ने काम जारी राख्न सकिन्थ्यो ।

'ब्रिजिङ' चरणमा पहिलेदेखि नै ठाउँ ठाउँमा रहेका स्रोत-साधनहरूको प्रयोग गरियो । ती स्रोत र साधनहरू नगरपालिकाहरूमा गरिएको दर्ता चरणका निम्ति जिल्ला निर्वाचन कार्यालयहरूलाई उपलब्ध गराइएको तथा नगरपालिका वरिपरिका गाविसहरूमा नाम दर्ता गर्ने कामलाई विस्तार गर्नका लागि उपलब्ध गराइएका थिए । मार्च २०११ मा 'ब्रिजिङ' चरण सकियो र सहजरुपले राष्ट्रव्यापी दर्ताको चरणमा स्थानान्तरित भयो ।

*(क) मतदाता शिक्षा-'ब्रिजिङ' चरणमा*

मतदाता शिक्षाका निम्ति गरिएका प्रयत्नहरूलाई कार्टर सेन्टरका पर्यवेक्षकहरूले सामान्यतः कमजोर र अपर्याप्त पाए ।[१६] असाध्यै साधारण तरिकाले गरिएको मतदाताको विवरण संकलन र संख्याको गणना गर्ने कामबाट नागरिकहरूले नाम दर्ता प्रक्रियाबारे जानकारी पाए । अन्तरवार्ता गरिएका ९८ जना[१७] नागरिकहरूमध्ये धेरैजसोले (८२ जनाले) के बताए भने मतदाता दर्ता प्रक्रियाबारे जानकारी दिने एउटा गणकले जम्मा एकपटक मात्रै उनीहरूलाई भेटेको थियो । परिवारका सदस्यहरू र साथीहरू मतदाता दर्ता प्रक्रियाबारे जानकारी दिने अर्को सबभन्दा साझा सूचनाका स्रोतहरू थिए । (३७ जनाले यो कुरा बताए) अल्पसंख्यकले पोस्टर (१३ जना), रेडियो (१२ जना), टेलिभिजन (४ जना), माइकिङ (३ जना), अखवार (१ जना) र अन्य माध्यमबाट (३ जना)[१८] यस प्रक्रियाबारे जानकारी पाएको सूचना दिए ।

पर्यवेक्षकहरू पुगेका सबै ठाउँहरूमा मतदाता शिक्षासम्वन्धी पोष्टरहरू धेरैजसो दर्तास्थलहरूमा नै टाँसिएका थिए । तीनवटा पोस्टरहरूको सेट टाँस्नु पर्नेमा दिइएका स्थानहरूमा पर्यवेक्षकहरूले दुईवटा पोस्टरहरूमात्रै टाँसिएको पाए ।[१९] केही ठाउँहरूमा मतदाता शिक्षासम्वन्धी अतिरिक्त गतिविधिहरू संचालन भएको कुरा निर्वाचन आयोगका पदाधिकारीहरूले बताए पनि वास्तवमै त्यस्ता गतिविधिहरू भएको पर्यवेक्षकहरूले कतै पनि ठोकुवा गर्न सकेनन् ।[२०] रेडियो सुनेर, टेलिभिजन हेरेर, र अखवार पढेर यसबारे थाहा पाएको कुरा केही व्यक्तिले पर्यवेक्षकहरूलाई बताए । कम्तिमा तीन जिल्लाहरू काभ्रेपलान्चोक, दाङ र मोरङमा मतदाता विवरण संकलनअघि मतदाता शिक्षासम्बन्धी कुनै काम भएन, मतदाता विवरण संकलन र नाम दर्ता शुरु भएपछि एकपटक मात्र मतदाता शिक्षा दिइयो ।[२१]

मतदाता विवरण संकलन र गणनाका अधिकतम् प्रयासहरूस्वरुप देखिएअनुसार, अन्तरवार्ता गरिएका बहुसंख्यक नागरिकहरूमा मतदाता दर्ता प्रक्रियाका सम्वन्धमा राम्रो समझदारी रहेको थियो र नाम दर्ता गराउनु किन महत्वपूर्ण छ भन्ने कुरा उनीहरूले राम्ररी बुझेका थिए । तैपनि केही नागरिकहरूलाई भने दर्तास्थलमा पुगेर नाम दर्ता गराउनु किन आवश्यक छ भन्ने कुरा थाहै थिएन । जिल्लाहरू हेरी असमझदारीको

---

१६ निर्वाचन आयोगले सर्वोच्च अदालतको निर्णय पर्खिरहेको हुनाले मतदता शिक्षा सामाग्रीहरूमा के के जानकारीहरू समावेश गर्ने भन्ने विषयमा निर्वाचन अधिकारीहरू अनिश्चयमा थिए । त्यसैले सर्वोच्च अदालतको फैसला नआउन्जेल उनीहरूले मतदाता शिक्षासम्वन्धी नयाँ सामाग्रीहरू उत्पादन नगर्ने निर्णय गरेका थिए ।

१७ नागरिकहरूलाई एकभन्दा बढी प्रश्नको उत्तर दिने मौका दिइएको थियो ।

१८ पर्सा जिल्लामा एउटा गाविसको एकजना चौकीदारलाई साँझमा मतदाता शिक्षासम्बन्धी सन्देश सुनाउँदै हिँडने काम लगाइएको थियो, केही नागरिकहरूले त्यही सन्देशबाट मतदाता दर्ता-प्रक्रियाबारे थाहा पाएको कुरा बताए ।

१९ उदाहरणको लागि, काभ्रेपलान्चोकमा पर्यवेक्षकहरूले बजारमा एउटा मात्रै पोस्टर टाँसिएको देखे, डोटीमा दर्तास्थल नजिकै निर्वाचनसम्वन्धी दुईवटा पोस्टरहरू देखिएका थिए, र कन्चनपुरमा दर्तास्थलबाहिर एउटा पोस्टर देखिएको थियो ।

२० डोटीमा अन्तर्वार्ता लिइएको कुनै पनि संचार प्रतिनिधिलाई जिल्ला तहमा मतदाता दर्ताका बारेमा प्रचार-प्रसार गर्न निर्वाचन आयोगले सम्पर्क गरेन । मोरङमा मतदाता दर्ता शुरु गर्नुअघि माइकिङ गरेर प्रचार-प्रसार गरिएको थियो भन्ने निर्वाचन अधिकारीको दावीलाई त्यहाँका जनताले अस्वीकार गरे ।

२१ मोरङमा त्यहाँका जिल्ला निर्वाचन अधिकारीले बताएअनुसार लिम्वुवान संगठनका कार्यकर्ताहरूको विरोधले गर्दा सुरक्षा अधिकारीहरूसँग वैठक गरी निर्वाचन आयोगका कर्मचारीहरूको सुरक्षा सुनिश्चित नभएसम्म मतदाता शिक्षा कार्यक्रम पर सारिएको थियो ।

स्तर फरक फरक थियो । कार्टर सेन्टरका पर्यवेक्षकहरूले अन्तरवार्ता लिएका व्यक्तिहरूमध्ये आधाजसोले मात्रै सोधिएको प्रश्नको जवाफ दिएका थिए ।[२२]

*(ख) गणना-ब्रिजिङ चरण*

घना जनसंख्या भएका क्षेत्रहरूमा गणकहरूले तराईमा ३५ र पहाडमा २५ जना प्रतिदिन गणना गर्ने लक्ष्य धेरै हदसम्म पूरा गरेका छन् । तथापि भिराला पाखा र दर्ता-प्रक्रियाप्रति जनतामा चेतनाको कमीका कारण केही ठाउँमा उनीहरूको प्रयासमा मन्दी आएको छ । हिँडन कठिन भएका केही ठाउँमा आफ्नो लक्ष्य पूरा गर्न कठिन भएको कुरा गणकहरूले स्वीकार गरेका छन् । यसबाहेक पहिलोपटक जाँदा मानिसहरू उपस्थित नभएका घरमा नगन्य रुपमा मात्र गणकहरू फेरि गएका छन् ।[२३] उदाहरणको लागि, काभ्रेपलान्चोकको धेरै नै भिरालो ठाउँमा गणकहरूले प्रतिदिन १५ देखि २० जनासम्म मात्र गणना गर्न सकेको बताएका छन् । त्यस्तै, डोटीमा काम गर्ने अर्को गणकले बताए अनुसार उनले तुलनात्मक रुपमा घना वडामा काम गर्ने हुनाले नै उनलाई निर्धारित लक्ष्य पूरा गर्न सम्भव भएको थियो, तर उनका साथीहरूले भने लक्ष्य पूरा गर्न सकेका थिएनन् । डँडेलधुराका गणकहरूले एउटा घरमा वा घरहरूको एउटा समूहमा पुग्न दुई घण्टा हिँडनु परेकोले उनीहरूका लागि प्रतिदिनको लक्ष्य धेरै बढी भएको बताए ।

गणकहरूलाई आफ्नो लक्ष्य पूरा गर्न कठिन हुनुको एउटा कारण गणकहरू आउनुभन्दा अगाडि जनतालाई दिनुपर्ने मतदाता शिक्षा दिन नसक्नुको कमजोरी पनि थियो । अन्तरवार्ता लिइएका गणकहरूले सामान्यतः वताएअनुसार, जनताहरू गणकहरू आउने बारेमा अनभिज्ञ भएका हुनाले उनीहरूसंग गणकलाई देखाउन प्रमाणको रुपमा आवश्यक कागजातहरू पनि तैयार थिएनन् । परिणामस्वरुप उनीहरूले कागजात खोजुन्जेल गणकहरूले लामो समयसम्म पर्खिनु परेको थियो । यसबाहेक, सुदूर पश्चिमी क्षेत्रका गणकहरूले बताए अनुसार, उनीहरूसँग निर्वाचन आयोगको परिचयपत्र नहुनाले पनि उनीहरू को हुन् र किन आएका हुन् भनेर जनतालाई बुझाउने समस्याको पनि सामना गर्नु परेको थियो ।

सबै गणकहरूले सामना गर्नु परेको साझा समस्या उनीहरू जाँदा मानिसहरू घरमा नहुनु नै थियो । जस्तै : त्यहीँका बासिन्दा पनि दिनमा काममा गएका हुन्थे वा अन्यत्र कतै गएका हुन्थे । आफू घरमा उपस्थित नभएका तर आवश्यक कागजातहरू अर्को मान्छेलाई छोडेर गएका व्यक्तिहरूका सम्बन्धमा गणकहरूले के गरे भन्ने बारेमा सबैको एउटै भनाई छैन । भ्रमण गरिएका केही जिल्लामा (कपिलवस्तु, पर्सा, कन्चनपुर र काठमाण्डौं) गणकहरूले घरमा उपस्थित नभएका तर उनीहरूका आवश्यक कागजात परिवारको कुनै सदस्यले उपलब्ध गराएका व्यक्तिहरूको पनि गणना गरिरहेका थिए । एउटा गणकले केसम्म बताए भने, नागरिकताको प्रमाणपत्र नभएका तर उनले चिनेका व्यक्तिहरूको पनि उनले गणना गरे । भ्रमण गरिएका अन्य केही जिल्लामा (दाङ, डोटी र मोरङ) घरका अन्य व्यक्तिले कागजातहरू प्रस्तुत गरेता पनि घरमा नभएका व्यक्तिको गणना गर्न सम्भव थिएन भनेर पनि गणकहरूले बताए । यो निर्वाचन आयोगको नीति र प्रावधान अनुरुपकै कुरा थियो ।

घरमा नहुनु बाहेक तीनवटा आधारभूत कारणले गर्दा उनीहरू ती व्यक्तिहरूको गणना गर्न असमर्थ भए भनेर गणकहरूले बताएका छन् । उनीहरूले बताएका ती कारणहरू निम्नानुसार छन् : १) तिनीहरूसँग नागरिकताको प्रमाणपत्र थिएन । २) तिनीहरू समुद्रपारका देशमा काम गर्थे वा ३) तिनीहरू गृहजिल्लाभन्दा बाहिर गएर काम गरिरहेका थिए ।[२४] उदाहरणका लागि, कपिलवस्तुका एकजना गणकले बताएअनुसार उनले २६० जनाको गणना गरे तर १२९ जनाको गणना गर्न सकेनन् । किनभने तीमध्ये ४४ जनासँग नागरिकताको प्रमाणपत्र थिएन । ५७ जना समुद्रपारि थिए भने २८ जना जिल्लाबाहिर थिए । यसै जिल्लाका अर्का गणकले भने अनुसार उनले ३१५ जनाको गणना गरे, तर १३५ जनाको किन गरेनन् भने तिनीहरूमध्ये ४६ जनासँग नागरिकताको प्रमाणपत्र थिएन, ५१ जना समुद्रपारि थिए भने ३८ जना जिल्लाबाहिर पुगेका थिए । बसाइँसराईको प्रमाण नहुनु पनि विभिन्न जिल्लाहरूको साझा समस्या भएपनि माथिका कारणहरू जति व्यापक समस्या थिएन ।[२५]

---

[२२] मोरङका धेरैजसो जनता मतदाता नामावलीमा आफ्नो नाम समावेश हुनुपर्छ भन्ने कुरामा सचेत भएपनि उनीहरूले नाम दर्ता भएपछि परिचयपत्र पाइन्छ भन्ने ठानेका रहेछन् । तथापि धेरै मानिसलाई प्रक्रियाका बारेमा राम्रो जानकारी थिएन, र उनीहरूले गलत आशा राखेका थिए । एकजनालाई नाम दर्ता गरेपछि विद्यालय व्यबस्थापन समितिमा बस्न पाइन्छ भन्ने पनि लागेको रहेछ । अर्को एकजना महिलालाई नाम दर्ता भएपछि आफ्नो पेन्सनमा वृद्धि हुन्छ भन्ने लागेको रहेछ । दाङमा अन्तरवार्ता लिइएका १५ जनामध्ये ८ जनालाई मात्रै आगामी निर्वाचनमा भाग लिनका निम्ति नाम दर्ता गर्नुपर्छ भन्ने जानकारी रहेछ । त्यस्तै, कपिलवस्तुमा अन्तरवार्ता लिइएका १० जनामध्ये ८ जनालाई आगामी चुनावमा भाग लिनका लागि नाम दर्ता गर्नुपर्छ भन्ने थाहा रहेछ, बाँकी २ जनालाई त्यो पनि थाहा थिएन । तैपनि उनीहरूलाई दर्तास्थलमा जानुपर्छ भन्ने चाहिँ थाहा थियो ।

[२३] के कुरा स्मरणीय छ भने पर्यवेक्षण गरिएका धेरैजसो ठाउँहरू अर्धशहरी क्षेत्र र घना जनसंख्या भएको क्षेत्र हुनाले गणकलाई आफ्नो दैनिक लक्ष्य पूरा गर्ने सम्भावना बढी थियो । तथापि काभ्रेपलान्चोकका अग्ला पहाड भएका ठाउँहरूमा गणकहरूले प्रतिदिन १५ देखि २० जनाको मात्र गणना गर्न सकेका थिए ।

[२४] नेपालमै अन्यत्र कतै काम गरिरहेका व्यक्तिहरू धेरै रहेछन् कि विदेशमा भनेर सोध्दा गणकहरूलाई स्पष्ट उत्तर दिन गाह्रो परेको थियो । किनभने जहाँ गएर काम गरेपनि काम गर्नेहरू एउटै कोटीका हुन् र एउटै उद्देश्यले काम गर्न गएका हुन् भन्ने उनीहरू ठान्दथे । तराईका अनेकौं जिल्लाहरूमा (दाङ, कन्चनपुर, मोरङ र पर्सा) दर्ता नहुनुको साझा कारण नागरिकताको प्रमाणपत्र नहुनु थियो । दोस्रो कारण, दर्ता हुन योग्य व्यक्तिहरू अर्कै जिल्ला वा विदेशमा काम गर्न गएका थिए । पहाडी जिल्लामा ( डोटी र काभ्रेपलान्चोक) दर्तायोग्य व्यक्तिहरू अर्कै जिल्ला वा विदेशमा काम गर्न जानु प्रमुख कारण थियो भने नागरिकताको प्रमाणपत्र नहुनु दोस्रो कारण थियो ।

[२५] धेरै मानिसहरू काम वा अध्ययनका लागि अन्तबाट आएर बसेका नगरपालिका क्षेत्रमा बसाइँसराईको प्रमाणको समस्या बढी हुनसक्छ ।

विभिन्न कारणवस कति मानिसको गणना गर्न सकिएन भन्नेबारेमा निर्वाचन आयोगका अधिकारीहरूले यकिनसाथ संख्या बताउन नसकेको पर्यवेक्षकहरूले पाए । यसरी उनीहरूले प्रायः गणकहरूले दिएका अनुमानित आँकडाहरूमा भर पर्नु पर्‍यो । उदाहरणका लागि, एक जना गणकले डोटीमा पर्यवेक्षकहरूलाई बताए अनुसार उनले लगभग १८० जनाको गणना गर्न सके, तर विभिन्न कारणले गर्दा अन्य ६० जनाको गणना गर्न सकेनन् । त्यस्तै, मोरङको एउटा गाविसमा गणकहरूले लगभग २० देखि २५ प्रतिशतसम्म मात्र व्यक्तिको गणना गरे । किनभने अन्य व्यक्तिहरूसँग नागरिकताको प्रमाणपत्र थिएन । विभिन्न जिल्लाका गणकहरूले पर्यवेक्षकहरूलाई बताए अनुसार खास गरी युवाहरू र केही कम २५ बर्षमुनीका युवतीहरूसंग नागरिकताको प्रमाणपत्र थिएन । ५० वर्षमाथिका पाको उमेरका धेरै मानिसहरूसँग पनि नागरिकताको प्रमाणपत्र थिएन । यस बाहेक २० देखि ३० वर्ष र ३० देखि ४० वर्षका धेरै युवाहरू कित जिल्लाबाहिर कि विदेशमा गएको पाइयो ।

*(ग) मतदाता दर्ता- ब्रिजिङ चरण*

दर्तास्थलमा दर्ता कार्य शान्तिपूर्ण र धेरै हदसम्म विना कुनै अप्रिय घटना अगाडि बढेको पाइयो । केही ठाउँहरूमा दर्ता गर्न आएका मानिसहरूको लामो पंक्ति भए पनि लामो पर्खाइका कारण धेरै नै कम व्यक्तिहरूले मात्रै छोडेर गएको कुरा पर्यवेक्षकहरूले बताए । मतदाता दर्ता गर्ने अधिकारीहरू पेशेवर, समझदार र निर्वाचन आयोगको नीति र प्रक्रियाका बारेमा राम्रो ज्ञान भएका हुनाले दर्तास्थलमा उब्जिएका सानातिना समस्याहरू समाधान गर्न उनीहरू सक्षम थिए ।

धेरैजसो दर्तास्थलहरू झ्वाट्ट हेर्दा दर्तास्थल भनेर चिनिने खालका थिएनन् । खास गरी बुढापाका असक्त लगायतका धेरै मानिसका लागि मात्र दर्तास्थलको दूरी समस्याको रुपमा रहेको पाइयो । तर अपाङ्गहरूले दर्तास्थलको दूरीलाई खासै समस्याको रुपमा लिएनन् । केही ठाउँहरूमा दर्तास्थलको व्यबस्थापन कमजोर भएता पनि यसबाट दर्ता-प्रक्रियामा खासै फरक परेन । धेरैजसो दर्तास्थलमा एकजनाको नाम दर्ता गर्न लगभग ५ मिनेट लाग्थ्यो भने केही थोरै ठाउँमा त्यस कामको निम्ति १० मिनेटभन्दा बढी समय लागेको पाइयो । कपिलवस्तु जिल्लाको एक ठाउँमा दर्ता फारमको बनावटको कमजोरीले गर्दा एक जना व्यक्तिको दर्ता कार्य सकिन सरदर २० मिनेट लागेको थियो ।

पर्यवेक्षण गरिएका प्रायःजसो ठाउँहरू १० बजेदेखि ११ बजेसम्म खुला थिए । केही ठाउँहरूमा कर्मचारीहरूले आवश्यक बन्दोबस्त नमिलाउन्जेल नाम दर्ता गर्न आएका व्यक्तिहरू बाहिरै पर्खिरहेको पनि पाइयो । पर्यवेक्षण गरिएका झण्डै सबैजसो ठाउँमा दर्ता गर्ने काम बेलुकी ६ वा ५ बजेवरिपरि नै बन्द गरिन्थ्यो । बन्द हुने समयभन्दा अगाडि नै लाइनमा बसेकालाई सबै ठाउँमा नाम दर्ता गरिएको पाइएता पनि ६ बजेभन्दा केही अगाडि आउँदा पनि दर्ता गर्ने काम बन्द भइसकेको गुनासो पनि सुनियो । दुई ठाउँमा त जेनेरेटरले काम नगरेको हुनाले दर्ता गर्ने काम केही समय रोक्नु परेको पनि थियो ।

हरेक चार ठाउँमध्ये एक ठाउँमा नाम दर्ता गर्न आएका मानिसलाई गणना गर्ने गणक नै उपस्थित नभएको पनि पाइयो । यस्ता दुई ठाउँमा अन्य कर्मचारीले यो काम गरेका थिए । एउटामा दर्तास्थल प्रवन्धकले र अर्कोमा दर्तास्थल सहायकले यो काम गरेका थिए । यसरी केही ठाउँमा नाम दर्ताका लागि आवश्यक कागजातहरू ल्याएका व्यक्तिहरूलाई पनि गणकहरू उनीहरूको घरमा नआउँदासम्म दर्तास्थलमा नआउनू भनेर फर्काइयो । यो काम निर्वाचन आयोगको प्रावधान विपरीत थियो । सबै ठाउँमा कम्प्युटर अपरेटर तथा सहायक दर्ता अधिकृत उपस्थित भएता पनि हरेक पाँचमध्ये एक ठाउँमा सबै वा केही पर्यवेक्षण दल आउँदा दर्तास्थल प्रवन्धक वा सहायक दर्ता अधिकृत अनुपस्थित थिए ।

पर्यवेक्षण गरिएका सबै ठाउँमा आवेदकले गणना रसिद देखाएपछि मात्र दर्ता किताबमा उनीहरूको विवरण राखिएको हो कि होइन भनेर दर्ता अधिकृतहरूले रुजु गर्दथे । धेरैजसो अवस्थामा आवेदकले नागरिकताको प्रमाणपत्र ल्याए नल्याएको हेरिएता पनि पर्यवेक्षण गरिएका दुई ठाउँमा नागरिकता प्रमाणपत्र नहेरिकनै केहीलाई दर्ता गर्न अनुमति दिइएको पनि पाइयो ।

प्रायःजसो ठाउँमा दर्ता गर्न आएको व्यक्ति उपस्थित भएकै बेला कम्प्युटर अपरेटरले नियमित रुपमा उक्त व्यक्तिको विवरण ठीक भए नभएको पुष्टि नगरेको पाइयो भने केही ठाउँमा त्यस्तो व्यक्तिको उपस्थितिमा उसको विवरणको पुष्टि गर्दै गरिएन । परिणामस्वरुप सम्वन्धित स्थलमै सजिलै सच्च्याउन सकिने विवरण नै गलत भएको हुनसक्ने खतरा धेरै थियो । त्यसमाथि, त्यसलाई पछि सच्च्याउनु पर्ने झन्झट त छँदैछ ।

खास गरी फोहोर औंला भएका र औंलाको रेखा खुइलिएका कारणले धेरै व्यक्तिको औंठा छाप लिन अप्ठेरो परिरहेको पाइयो । यही कारणले धेरै ठाउँमा दर्ता कार्य ढिलो पनि भएको थियो । यस्तो ती ठाउँहरूमा भएको थियो, जहाँ औंला सफा गर्नको लागि 'इसोप्रोपिल अल्कोहल'को व्यबस्था थिएन । ( पर्यवेक्षण गरिएका अन्दाजी बीस प्रतिशत ठाउँमा त्यस्तो व्यबस्था नभएको पाइयो ।) दर्ता हुनेहरूको फोटो खिच्न भने अधिकारीहरूलाई खासै अप्ठेरो भएको थिएन । प्रकाशको कमीको कारणले खाली एक दुई ठाउँमा केही कठिनाइ भएको देखियो । तर कालो अनुहार भएका र अनुहारमा चाउरी परेकाहरूको फोटो खिच्न भने केही कठिनाइ परेको थियो ।

सबै ठाउँमा कम्प्युटर अपरेटरहरूले दर्ता भएका व्यक्तिहरूलाई प्रमाणस्वरुप छाप लगाएको दर्ता रसिद दिएका थिए । तर, दावी विरोधका बेला वा अन्य अवस्थामा सदर गर्नका लागि पछि यसको आवश्यकता पर्ने हुनाले यसलाई राम्रोसँग राख्नुपर्छ भनेर अर्थ्याउने काम भएको प्रायः पाइएन ।

दलका प्रतिनिधिहरूलाई यस प्रक्रियाको पर्यवेक्षण गर्ने अनुमति भएता पनि २५ मध्ये जम्मा ४ वटा ठाउँमा मात्र नेका, एमाले, एनेकपा ( माओवादी) का प्रतिनिधिहरूले दलको प्रतिनिधिका रुपमा काम गरेको देख्न सकिन्थ्यो । अन्य दलका प्रतिनिधिहरूको उपस्थिति कुनै पनि ठाउँमा

थिएन । पर्यवेक्षण गरिएका कुनै पनि ठाउँमा मतदातालाई तर्साएको प्रतिवेदन पर्यवेक्षकहरूले दिएनन् । ( तथापि त्यस्तो केही अनुमान तथा अवरोधको विवरण तल दिइएको छ ।)

नाम दर्ता सकिएपछि प्रत्येक दिनको दर्ता विवरण फ्ल्यास ड्राइभमा अद्यावधिक नगरिएको पनि पर्यवेक्षकहरूले औंल्याए । केही ठाउँमा दुई तीन दिनका विवरणहरू एकै चोटी अद्यावधिक गरिएको पाइयो । दर्ता गर्ने काम बन्द गरेपछि कसैले नचलाओस् र चोरी हुन नपाओस् भनेर दर्ताका लागि प्रयोग गरिने उपकरणको भने सबै ठाउँमा राम्रो सुरक्षा गरिएको थियो ।

*(घ) मतदाता दर्ता प्रक्रियामा अवरोध-'ब्रिजिङ' चरणमा*

पर्यवेक्षकहरूले भ्रमण गरेका १३ मध्ये ५ वटा जिल्लामा (बाँके, बारा, इलाम, कपिलवस्तु र मोरङ) राजनीतिक दलहरूको अवरोध वा अवरोधको धम्कीले दर्ता प्रक्रियालाई नकारात्मक रुपले प्रभावित गरेको थियो । यस्तो धम्कीको प्रकृति र प्रभाव तथा त्यसमा निर्वाचन अधिकारीहरूको प्रतिक्रिया फरक-फरक जिल्लामा फरक-फरक किसिमको थियो । सन् २०११ को फेब्रुअरी तथा मार्चमा कार्टर सेन्टरका पर्यवेक्षकहरूको टोलीले स्थलगत पर्यवेक्षण गर्दा निम्न कुराहरू पाइए :

- बारामा मधेसवादी दलहरूको निरन्तर अवरोधले गर्दा नगरपालिका चरणदेखि नै मतदाता दर्ता प्रक्रिया अनिश्चितकालीन रुपमा स्थगित गरिएको थियो । त्यहाँ ब्रिजिङ चरणमा नै दर्ता प्रक्रिया अघि बढाउन जिल्ला निर्वाचन अधिकारीहरू असफल भएका थिए ।
- बाँकेमा मधेसवादी दलहरूबाट आएको अवरोध गर्ने धम्कीका कारण सन् २०१० को सेप्टेम्वर महिनादेखि नै दर्ता प्रक्रिया स्थगित गरिएको थियो । त्यहाँ ब्रिजिङ चरणदेखि नै दर्ता प्रक्रिया अघि बढाउन जिल्ला निर्वाचन अधिकारीहरू असफल भएका थिए ।
- इलाममा संघीय लिम्वुवान राज्यपरिषद (FLSC) सम्वद्ध संघीय लोकतान्त्रिक राष्ट्रिय मोर्चा (FDNF) बाट अवरोध गर्ने धम्की निरन्तर आएकोले जनवरीदेखि नै मतदाता दर्ता-प्रक्रिया स्थगित गरिएको थियो । मतदाता दर्ता-प्रक्रिया अवरुद्ध पार्न 'आवश्यक पर्ने सबै उपाय अपनाउने' धम्की उनीहरूले दिएका थिए । एउटा गाविसमा दर्ता-प्रक्रिया अघि बढाउने प्रयास गर्दा संघीय लिम्वुवान राज्यपरिषदका कार्यकर्ताहरूले दर्ता गर्ने कर्मचारीहरूलाई नै प्रत्यक्ष रुपमा धम्की दिएका थिए ।
- कपिलवस्तुमा मधेसी जनअधिकार फोरम (नेपाल), तराई मधेस लोकतान्त्रिक पार्टी, नेपाल सद्भावना पार्टी, तथा मधेसी जनअधिकार फोरम (लोकतान्त्रिक) को नेतृत्वमा मधेसवादी दलहरूले निरन्तर अवरोध गर्ने धम्की दिँदादिँदै पनि मधेसवादी दलहरूको सीमित उपस्थिति रहेको जिल्लाको उत्तरी भागमा मात्रै भएपनि जिल्ला निर्वाचन अधिकारीहरूले मतदाता दर्ता प्रक्रिया अघि बढाए ।
- मधेसवादी दलहरू तथा संघीय लिम्वुवान राज्य परिषदका कार्यकर्ताहरूको उपस्थिति कमजोर भएका मोरङका गाविसहरूमा संघीय लिम्वुवान राज्य परिषदसँग आवद्ध संघीय लोकतान्त्रिक राष्ट्रिय मंच र मधेसवादी दलहरूले धम्की दिँदादिँदै पनि जिल्ला निर्वाचन अधिकारीहरूले मतदाता दर्ता कार्यलाई अघि बढाए । ती ठाउँहरूमा संघीय लिम्वुवान राज्य परिषदका कार्यकर्ताहरूले दर्तास्थलसम्म पुग्ने सडकहरू नै बन्द गर्ने धम्की दिएको जानकारी प्राप्त भयो ।

उपर्युक्त परिस्थितिमा एकातिर राजनीतिक दलहरूद्वारा हुने गरेका अवरोधहरू हटाउनको लागि सरकारी सहयोग प्राप्त होस् भनेर निर्वाचन आयोगले सरकारसँग अनुरोध गऱ्यो भने अर्कोतिर राष्ट्रिय तथा जिल्ला तहमा अवरोध गर्ने दलहरूसँग आफैं पनि प्रत्यक्ष रुपले वार्तामा संलग्न भयो । निर्वाचन आयोगले बताएअनुसार, ब्रिजिङ चरणभरि नै निर्वाचन आयुक्त तथा सचिवालय सदस्यहरू प्रमुख जिल्ला अधिकारीको उपस्थितिमा जिल्ला सदरमुकाममा बैठक गर्न पाँचवटै विकास क्षेत्रमा गएका थिए । अवरोधको सम्भावना भएका क्षेत्रहरूमा नागरिकताको प्रमाणपत्र वितरणमा अझ बढी तदारुकता अपनाउनका निम्ति निर्वाचन आयोगले गृहमन्त्रालयलाई अनुरोध गऱ्यो । अन्त्यमा, कुनै पनि प्रकारको अवरोध नआउने क्षेत्रहरूमा निर्वाचन आयोगले दर्ता प्रक्रियाका पक्षमा जनचेतना अभिवृद्धि गर्ने रणनीति अपनायो । यसबाट राजनीतिक दलको अवरोध हुने ठाउँका जनताहरूले त्यस्ता अवरोधपूर्ण क्रियाकलापको समर्थन नगरून् र मतदाता सूचीमा उनीहरूको नाम नछुटोस् भन्ने धारणा राखिएको थियो ।

*(ङ) मतदाता सहभागिता-ब्रिजिङ चरणमा*

माथि भनिएजस्तै निर्वाचन आयोगले ब्रिजिङ चरणमा सन् २००८ को मतदाता नामावलीको ६० प्रतिशत नाम दर्ता गर्ने लक्ष्य राखेको थियो । उक्त चरणमा १८० वटा गाविसहरूमा सन् २०११ को मार्च ७ सम्ममा ५,०९,१४५ मतदाताहरूको नाम दर्ता भएको निर्वाचन आयोगले बताएको छ । उक्त संख्या निर्वाचन आयोगले निर्धारित गरेको लक्ष्यको ९३ प्रतिशत थियो भने ती गाविसहरूको सन् २००८ को संविधान सभा निर्वाचनको मतदाता नामावलीको ५६ प्रतिशत थियो । संग्रहित नाम दर्ताको तथ्याङ्कमा पनि धेरै नै विविधता रहेको छ । लगभग एक तिहाई गाविसमा (१८० मध्ये ६६) नाम दर्ताको कुल संख्या ५० प्रतिशत मात्रै रह्यो वा सन् २००८ को मतदाता नामावलीभन्दा कम रह्यो । अर्को एक तिहाईमा (१८० मध्ये ६३) नाम दर्ताको प्रतिशत ५१ देखि ६० को बीचमा रह्यो भने अन्तिम एक तिहाईमा नाम दर्ताको प्रतिशत ६० रहेको थियो ।

कार्टर सेन्टरका पर्यवेक्षकहरूका अनुसार, उनीहरूले अन्तरवार्ता लिएकामध्ये धेरैजसो नागरिकहरूले कि आफ्नो नाम दर्ता गराइसकेका थिए कि मतदानको निम्ति नाम दर्ता गर्ने चाहना व्यक्त गरेका थिए । अन्तरवार्ता लिइएका ९८ जनामध्ये बहुसंख्यक (७५) नाम दर्ताका लागि योग्य थिए र नाम दर्ता पनि गराइसकेका थिए भने १२ जनाले पछि नाम दर्ता गराउन चाहेका थिए ।[२६]

अन्तरवार्ता लिइएका १२ जना (डोटीका २ जना, कन्चनपुरका २ जना, कपिलवस्तुका २ जना, दाङका १ जना र पर्साका १ जना) नागरिकताको प्रमाणपत्र नभएका कारण नाम दर्ताका लागि अयोग्य भएका थिए । तीमध्ये ६ जनाले मतदानको लागि नाम दर्ता गराउन पछि भए पनि नागरिकताको प्रमाणपत्र लिने चाहना व्यक्त गरेका थिए ।[२७] विवरण संकलकहरू सम्बन्धित व्यक्तिहरूको घरमा जाने र नाम दर्ता कार्य बन्द हुने समयबीचको समय धेरै छोटो भएको हुनाले आवश्यक कागजात नभएका मानिसहरूलाई ती कागजातहरू ल्याई नाम दर्ता गराउन कठिनाई थियो । केही अवस्थामा त गणनाको समय र नाम दर्ता बन्द हुने समयको बीचमा एक दिन मात्र रहेको थियो ।

७ मार्च २०११ सम्ममा

| **सन् २००८ को सम्विधान सभाको निर्वाचनको मतदाता नामावलीबाट दर्ता भएकाहरूको तहगत प्रतिशत** | **३ ब्रिजिङ चरणका १८० गाविसमध्येका गाविसहरू** |
|---|---|
| १-१० | ० |
| ११-२० | ० |
| २१-३० | २ |
| ३१-४० | १३ |
| ४१-५० | ५१ |
| ५१-६० | ६३ |
| ६१-७० | २९ |
| ७१-८० | ८ |
| ८१-९० | ८ |
| ९१-१०० | ३ |
| त्यसभन्दा माथि | ३ |

च. तथ्याङ्क व्यवस्थापन

जिल्ला तहमा दर्ता गरिएका तथ्याङ्कको व्यबस्थापन तथा सुरक्षा गरिने कुरा चासोको विषय थियो, किनभने केही ठाउँमा तथ्याङ्क हराउने, चोरी हुने वा अदलबदल हुनसक्ने सम्भावनाको भय अनावश्यक रुपमा बढेको थियो । दर्ता भएका तथ्याङ्कहरू छिटो र सुरक्षित रुपमा राख्न र एउटा कार्य संजालमार्फत् निर्वाचन आयोग, नेपालको काठमाण्डौस्थित कार्यालयमा पठाउनका लागि निर्वाचन आयोगले प्रत्येक जिल्लामा ७५ जना व्यक्तिहरूलाई सेवाप्रदायकका रुपमा खटाउने प्रयत्न गरेको थियो । तथापि ती व्यक्तिहरू नगरपालिका चरण वा 'ब्रिजिङ' चरणमा उपलब्ध हुन सकेनन् । जनशक्तिको अभावमा जिल्ला निर्वाचन अधिकृतहरूले कम्प्युटरका हार्ड ड्राइभ र फ्ल्यास ड्राइभबाट लिइएका मतदाता दर्ताका तथ्याङ्कहरू जिल्ला निर्वाचन कार्यालयमा रहेको एकमात्र ल्यापटपमा सारेर ती कम्प्युटरहरू पुनः प्रयोगका लागि खालि गरेका थिए । मतदाता दर्ता गर्ने चरण पूरै सकिएपछि मात्रै सम्पूर्ण तथ्याङ्कहरू जम्मा गरी सिडीमा सारेर निर्वाचन आयोग, नेपालको काठमाण्डौस्थित कार्यालयमा पठाइएको थियो । यसबाट संग्रहित तथ्याङ्कहरूको असुरक्षा अनावश्यक रुपमा बढेको थियो । लेख्ने समयमा, सर्वरहरु जिल्लामा थिएनन् । साथै, जिल्लाबाट केन्द्रमा तथ्याङ्क पठाउनका लागि कार्य संजाल बनाउने काम पनि योजनाकै चरणमा थियो ।

यसबाहेक, केन्द्रीय स्तरमा पनि तथ्याङ्क व्यवस्थापन प्रक्रिया कमजोर नै देखिन्छ । तथ्याङ्क व्यवस्थित गर्ने काम पनि हालसम्म ढिलो रहेको छ । दर्ता भएका तथ्याङ्कहरू बाँडफाँड गरी काम छिटो गर्नका लागि कम्प्युटरको नेटवर्किङ पनि गरिएको छैन । साथै, विश्लेषण गर्ने उद्देश्यका लागि प्रारम्भिक मतदाता नामावली निकालिसकिएको पनि छैन ।

छ. राजनीतिक दलको सहभागिता

कार्टर सेन्टरका पर्यवेक्षकहरूले जानकारी दिए अनुसार, मतदाता दर्ता प्रक्रियाका बारेमा जानकारी दिनका लागि जिल्ला निर्वाचन कार्यालयहरूले राजनीतिक दलहरूसँग बैठक गरिरहेका छन् । यसरी बैठक गरिएता पनि मतदाता दर्ता प्रक्रियामा राजनीतिक दलहरूको संलग्नता रचनात्मक हुनुको साटो कमजोर र खासगरी अवरोधक नै देखापरेको छ । तराई तथा पूर्वी पहाडमा राजनीतिक दलहरूबाट अवरोध हुनु बाहेक ती भागहरूमा मतदाता दर्ता-प्रक्रियासँग सम्बन्धित उनीहरूका क्रियाकलापहरू नगन्य रहेका खबरहरू प्राप्त भएका छन् ।[२८] पर्यवेक्षकहरूले अन्तरवार्ता लिएका ९८ व्यक्तिमध्ये कसैले पनि राजनीतिक दलको अन्तरर्क्रिया मार्फत् मतदाता दर्ता-प्रक्रियाका बारेमा सुनेको कुरा बताएनन् । पर्यवेक्षकहरूले जानकारी दिए अनुसार, डोटीमा मात्र दर्ता गर्ने ठाउँमा राजनीतिक दलका केही कार्यकर्ताहरूको उपस्थिति थियो । तर ती व्यक्तिहरू आफूखुसी त्यहाँ आएका थिए वा दलले खटाएर आएका थिए भन्ने कुराचाहिँ स्पष्ट थिएन ।

---

[२६] कपिलवस्तुमा एकजनाले के बताए भने नाम दर्ताको निम्ति कुनै गणकले एकचोटि भेट गर्न आएको भएमात्रै पनि उनले नाम दर्ता गराउने थिए । पर्साका दुईजनाले चाहिँ जिल्ला सदरमुकामबाट आफ्ना श्रीमतीले नागरिकताको प्रमाणपत्र नपाएसम्म आफूहरूले नाम दर्ता नगराउने कुरा बताए ।

[२७] पर्सामा एउटी पाको उमेरकी महिलाले अर्कोपटक जिल्ला सदरमुकाम जाँदा नागरिकताको प्रमाणपत्र लिने कुरा गरिन् , तर उनले जिल्ला निर्वाचन कार्यालयमा गएर नाम दर्ता गराउनु पर्छ भन्ने कुरामा उनी सचेत थिइनन् । डोटीमा एउटा युवकले अर्कोपटक जिल्ला सदरमुकाम जाँदा नागरिकताको प्रमाणपत्र लिने ईच्छा भएको कुरा बताए, तर नागरिकताको प्रमाणपत्र लिने प्रक्रियाबारे उनलाई केही थाहा थिएन । दाङमा एउटी महिलाले के भनिन् भने उनको श्रीमान देशबाहिर गएका छन् र श्रीमान फर्केर नआएसम्म उनी नागरिकताको प्रमाणपत्र लिन सक्दिनन् ।

[२८] धेरै रिपोर्टहरू दलका आन्तरिक बैठकहरूका थिए । एक दुईवटा मामिलामा दलहरूले 'मतदाता परिचालन अभियान' चलाइरहेको दावी गरे, तर पर्यवेक्षकहरूले त्यस्ता क्रियाकलापहरू भएको पुस्टि गर्न सकेनन् । दुई जिल्लाहरू पर्सा र कन्चनपुरमा मतदाता दर्तासम्बन्धी कुनै पनि क्रियाकलाप संचालन नगरेको यथार्थ दलहरूले स्वीकार गरेका थिए ।

ज. मतदाता नाम दर्ताको समयसीमा

यसअघि स्थापित गरिसकेको क्यालेण्डर अनुसार मतदाता दर्ता कार्यसंचालन गर्न निर्वाचन आयोगलाई केही कठिनाई भएको थियो । अहिले निर्वाचन आयोगले आफ्नो नियन्त्रणभन्दा बाहिरका कारक तत्वहरूका कारण भर्खरै अर्थात् कार्यतालिकामा उल्लेख भएभन्दा तीन महिनापछि मात्र राष्ट्रव्यापी रुपमा मतदाताको नाम दर्ता गर्ने काम शुरु गरेको छ । त्यसकारण, पूरै ७५ वटै जिल्लाभरि मतदाताको नाम दर्ताका लागि यो समय पर्याप्त देखिँदैन । दर्ता सामग्री लगायतका आवश्यक उपकरणहरू जिल्ला तहमा मार्च महिनाको अन्त्यमा वितरण गरिसकिएको र निर्वाचन आयोगमा कर्मचारी भर्ना गर्ने र उनीहरूलाई प्रशिक्षण दिने काम पनि देशभरि पालैपालो गरिँदैछ भन्ने कुरा कार्टर सेन्टरलाई जानकारी छ ।

कार्टर सेन्टरलाई के चिन्ता छ भने, जिल्लातहको मतदाता दर्ताको काम प्रक्षेपित समय जून २०११ सम्म सम्पन्न गर्नको लागि मतदाता दर्ता, गणना तथा स्थलगत रुपमा गरिने दर्ताजस्ता कामलाई छोटो समयमा गर्नुपर्ने हुनसक्छ । तर अनेकौं जिल्लाहरूमा मतदाता दर्तामा भइरहेको अवरोध तथा मतदाताको योग्यता प्रमाणित गर्ने कागजातहरू नभएका व्यक्तिहरूको उल्लेख्य उपस्थितिलाई हेर्दा त्यसरी छोट्टयाउनु पनि युक्तिसंगत देखिँदैन । त्यतिमात्र होइन, दैनिक रुपमा लक्षित संख्या पूरा गर्न गणकहरूलाई परेको कठिनाई तथा नेटवर्कमा काम गर्ने व्यक्तिको अनुपस्थितिमा जिल्ला तहबाट तथ्याङ्क संकलन गर्न पनि ढिलाइ भइरहेकै छ ।

## ५. सुझाव र सिफारिसहरू

निर्वाचन आयोगका अधिकारीहरूको परिश्रम तथा समर्पणप्रति कार्टर सेन्टर आभार व्यक्त गर्दछ र लगभग २० लाख नेपाली नागरिकहरूको नाम दर्ता गर्ने काम सम्पन्न गरेकोमा निर्वाचन आयोगलाई बधाइ दिन चाहन्छ । निम्नलिखित सुझाव र सिफारिसहरू सहयोग तथा सम्मानको भावनासहित गरिएको हो । यी सुझाव र सिफारिसहरूले भविष्यमा छलफलका लागि उपयोगी बुँदाहरू प्रदान गर्ने छन् भन्ने आशा गरिएको छ ।

**नेपाल सरकारले गर्नुपर्ने:**

**सर्वोच्च अदालतले सन् २०११ फेब्रुअरी महिनामा फैसला गरेअनुसार योग्य नेपाली नागरिकहरूलाई प्रमाणपत्र दिने काममा परिश्रमपूर्ण प्रयत्नहरू बढाउनु पर्दछ ।** सर्वोच्च अदालतले मतदाताका रुपमा नाम दर्ता गर्नका निम्ति नागरिकताको प्रमाणपत्रलाई अनिवार्य तुल्याइदिएको छ र 'योग्य व्यक्तिलाई' नागरिकता दिने व्यवस्था गर्न नेपाल सरकारलाई आदेश दिएको छ । सर्वोच्च अदालतको आदेशलाई पालना गर्दै तथा अन्तर्राष्ट्रिय लोकतान्त्रिक मान्यता अनुसार, लिङ्ग, जाति, प्रजाति तथा अन्य पहिचानका कारणले गरिने विभेदलाई हटाई मतदाता दर्ता प्रक्रियालाई निष्पक्ष बनाउन नेपाल सरकारले आफ्नो भूमिका पूरा गर्नुपर्दछ ।

**जारी रहेको मतदाता नाम दर्ता प्रक्रियालाई सहयोग पुऱ्याउन हर किसिम प्रयत्नहरू गर्नुपर्दछ ।** राजनीतिक दलद्वारा अवरोध गरिएका ठाउँहरूमा राजनीतिक समाधान खोज्ने तथा निर्वाचन आयोगका अधिकारीहरूको सुरक्षा सुनिश्चित गर्नुपर्दछ ।

**प्रमुख निर्वाचन आयुक्तको नियुक्ति लगायत निर्वाचन आयोगका खाली रहेका पदहरूमा पदपूर्ति गर्नुपर्दछ ।** निर्वाचन आयोग लगायत अनेकौं सम्वैधानिक अङ्गहरूका खाली रहेका उच्च पदमा नियुक्ति गर्न सरकार असफल भइरहेकोले निर्वाचन आयोगले पनि अहिले पदहरू खाली रहेको अवस्थामा नै काम गरिरहेको छ । संवैधानिक कामलाई गति प्रदान गर्नको लागि सबै रिक्त पदहरू छिटै पूर्ति गर्नुपर्छ ।

**निर्वाचन आयोगले गर्नुपने:**

**मतदाता दर्ताको हालको समयसीमा बढाउने कुरामा ध्यान दिनुपर्दछ ।** राष्ट्रव्यापी चरणमा मतदाता दर्ता प्रक्रियाको काम शुरु गर्न भएको ढिलाईलाई ध्यानमा राखेर मतदाता शिक्षा, गणना तथा मतदाताको नाम दर्ता गर्ने कामलाई नछोट्टयाएसम्म निर्धारित लक्ष्य अनुरुप सन् २०११ को जून महिनासम्म निर्वाचन आयोगले जिल्ला तहको नाम दर्ता कार्य पूरा गर्न सक्दैन । जिल्ला सदरमुकाम तहमा निरन्तर रुपमा दर्ता प्रक्रिया अगाडि बढे पनि राष्टव्यापी चरणमा गुम्न गएको समयको क्षतिपूर्ति गर्नको लागि निर्वाचन आयोगले गाविस तहमा मतदाताको नाम दर्ता गर्ने समय बढाउने कुरामा विचार गर्नुपर्छ । त्यसो भएमा सबै योग्य व्यक्तिले नाम दर्ता गराउनका लागि पर्याप्त समय प्राप्त गर्ने कुरा सुनिश्चित हुनेछ र दर्ताको लागि आवश्यक कागजात प्राप्त गरी उनीहरूले आफ्नै गाउँमा नाउँ दर्ता गर्न सक्नेछन् ।

**राष्ट्रव्यापी चरणको मतदाता दर्ताको निम्ति जनसंख्याको तथ्याङ्कअनुरुप दर्ता गर्ने लक्ष्य निर्धारण गर्न अतिरिक्त अनुसन्धान गर्नुपर्छ ।** निर्वाचन आयोगले स्थापित गरेको मतदाता दर्ताको लक्ष्य मूल्याङ्कन गर्नको लागि केन्द्रीय तथ्याङ्क विभागसंग सहकार्य गर्न सिफारिस गरिन्छ । जनसंख्या तथा बसाइँसराईका सम्बन्धमा उपलब्ध तथ्याङ्क प्रयोग गरेर मतदाता दर्ताको लक्ष्य निर्धारण गर्नुपर्दछ । निर्वाचन आयोगले केन्द्रीय तथ्याङ्क विभागको जनसंख्या प्रक्षेपण तथा NLFS को बसाइँसराईसम्बन्धी आँकलनलाई विश्लेषण गरी मतदाता दर्ताको लक्ष्य निर्धारण गर्नुपर्छ र यस्ता तथ्याङ्कहरूमा आधारित भएर नामदर्ता गर्ने कामलाई अघि बढाउँदा नागरिकताको प्रमाणपत्र नभएका व्यक्तिहरू पनि आउनसक्ने हुनाले यस्ता किसिमका अवरोधहरूको गुरुत्व र परिमाणलाई कम गर्नुपर्दछ । यस्तो अनुसन्धानले दर्ताप्रक्रिया सम्बन्धी रणनीति बनाई जनतालाई सुसूचित गर्नको लागि समय र साधनको परिचालन गर्ने कामलाई प्रभावकारी बनाउन निर्वाचन आयोगलाई सक्षम बनाउँछ ।

गणकहरूले राम्रो उपयोग गर्न सके निर्वाचन आयोगको लगत फारम एउटा महत्वपूर्ण साधन हुनसक्छ । तर राष्ट्रव्यापी चरणको दर्ता प्रक्रियाको तथ्याङ्क ढिलो आउने हुनाले निर्वाचनका सरोकारवालाहरूलाई उनीहरूका निम्ति स्वीकारयोग्य तर्कसहित मतदाता दर्ताको निर्धारित लक्ष्यबारे अर्थ्याउन गाह्रो हुन्छ । त्यसकारण लगत तथ्याङ्हरू पुष्टि गर्नु अगाडि जनसंख्या र बसाइँसराईको ठीक ठीक मूल्याङ्कन गर्नु राम्रो हुन्छ ।

यस बाहेक कुनै गाविसमा २२.३ प्रतिशत र कुनैमा १०३.४ प्रतिशतजस्तो ब्रिजिङ चरणमा भएको दर्ताको विविधताले गर्दा निर्वाचन आयोगले त्यस्ता गाविसहरूको नमूना विश्लेषण गरी विविधताको कारण पत्ता लगाउनु पर्दछ ।

**मतदाता दर्ता प्रक्रियामा अवरोध पुऱ्याउने राजनीतिक दलहरूसागको संवादलाई जारी राख्नुपर्छ ।** मधेसवादी दल तथा लिम्बुवान दलहरूले पुऱ्याएको अवरोधले गर्दा पूर्वी तराई तथा पूर्वी पहाडी क्षेत्रका धैरै जिल्लाहरूमा मतदाता दर्ताको नगरपालिका चरण र ब्रिजिङ चरण प्रभावित भएका छन् । त्यस कारण योग्य व्यक्तिको मताधिकार सुनिश्चित गर्नको लागि तद्अनुरुप दर्ता-प्रक्रियालाई सक्षम बनाउन निर्वाचन आयोगले यसको प्रक्रियामा अवरोध खडा गर्ने दलहरूसंग उच्च तहका साथै जिल्ला तहमा पनि संवाद चलाएर समस्या समाधानको उपाय खोज्नुपर्छ ।

**राजनीतिक दलहरूको अवरोधका कारण अवरुद्ध भएका ठाउाहरूमा सम्भव भएसम्म दर्ता-प्रक्रिया फेरि शुरु गर्ने विषयमा ध्यान दिनुपर्छ ।** केही ठाउँहरूमा नगरपालिका वा गाविसका पूरै वडामा दर्ता शुरु भएदेखि नै पूरै अवरोध भएको छ । योग्य मतदाताहरूले जिल्ला तहमा नै अझैसम्म पनि नाम दर्ता गराउन पाउनुपर्छ भन्ने कुरा स्वीकार गरिएता पनि केही मतदाताहरूलाई दर्ताका लागि जिल्ला निर्वाचन कार्यालयमा पुग्न धैरै कठिन रहेको छ । यस्ता ठाउँमा दर्ता कार्य पुनः सुचारु गर्ने कुराको मौखिक प्रतिवद्धता निर्वाचन आयोगले दिएको हुनाले कार्टर सेन्टर उत्साहित भएको छ । सम्भव भएको ठाउँमा यो योजना अघि बढाई योग्य व्यक्तिको नाम दर्ता सुनिश्चित गर्नको लागि उनीहरूलाई आफ्नै गाउँमा पहुँच र अवसर उपलब्ध गराउन कार्टर सेन्टर विशेष अनुरोध गर्दछ ।

**योग्य व्यक्तिलाई नागरिकताको प्रमाणपत्र दिने व्यवस्था प्रभावकारी बनाउनका लागि सरकारलाई घच्घच्याइरहनु पर्दछ ।** नागरिकताको प्रमाणपत्र वितरणसँग सम्बन्धित विषयलाई निर्वाचन आयोगले ठम्याएको र प्रशंसा गरेको कुरा कार्टर सेन्टरलाई जानकारी छ । निर्वाचन आयोगले सबै योग्य नेपाली नागरिकको नाम मतदाता नामावलीमा दर्ता हुने कुरालाई सुनिश्चित गर्नको लागि सरकारलाई झकझक्याउने र मनाउने काम जारी राख्नु पर्दछ ।

**मतदाता हुनको निमित्त चाहिने योग्यतासाग सम्वन्धित अवरोध कम गर्नको लागि बसाइासराईको प्रमाणसम्बन्धी प्रावधानमा संशोधन गर्ने विषयमा विचार गर्नुपर्दछ ।** बसाइँसराईको प्रमाणसँग सम्बन्धित कागजातहरूको व्यवस्थामा सरलीकरण गर्न कार्टर सेन्टर निर्वाचन आयोगलाई सिफारिस गर्दछ । यसका साथै बसाइँसराईको स्वीकार्य प्रमाणसँग संलग्न गर्नुपर्ने अन्य सहयोगी कागजातका बारेमा पनि विचार गर्न पनि प्रोत्साहित गर्दछ । उदाहरणका लागि विद्यार्थीहरूले आफूले पढिरहेकै ठाउँबाट नाम दर्ता गर्न चाहन्छन् भने विश्वविद्यालय वा कलेजमा भर्ना भएको प्रमाणका आधारमा उनीहरूको नाम दर्ता हुने व्यवस्थाका लागि निर्वाचन आयोगले सोच्नु पर्दछ । यसबाहेक, गाविसका कर्मचारीको अनुपस्थितिका कारणले पत्र लिन नपाएका व्यक्तिहरूलाई उनीहरूकै ठाउँको दर्तास्थलबाट दर्ता भएको कुनै व्यक्तिले प्रमाणित गरेको देखाउने भौचरका आधारमा नाम दर्ता गरिदिने व्यवस्थाका बारेमा पनि केही विचार गर्नुपर्दछ ।

**मदताता गणना तथा मतदाताको नाम दर्ताभन्दा केही अगाडि मतदाता शिक्षा प्रभावकारी रुपमा भए-नभएको सुनिश्चित गर्नुपर्दछ ।** ब्रिजिङ चरणमा भएको कमजोर मतदाता शिक्षाले के बुझाउँछ भने दर्ता प्रक्रियामा सबभन्दा पहिलो सम्पर्क-माध्यम गणकहरू नै हुन् । मतदाता शिक्षाको प्रयत्नमा वृद्धि गर्न निर्वाचन आयोगले कदम चालिसकेको छ भन्ने कार्टर सेन्टर ठान्दछ । र, के आशा गर्दछ भने स्थलगत रुपमा नाम दर्ता गर्नुभन्दा अगाडि गरिएको यस्तो प्रयासले जनतामा धैरै सचेतनता बढनेछ ।

**निरन्तर दर्ताका लागि सचेतनता बढाउन मतदाता शिक्षामा जोड दिनु पर्दछ ।** आफ्नो स्थानीय क्षेत्रमा नाम दर्ता गर्न छुटाएका व्यक्तिलाई जिल्ला निर्वाचन कार्यालयमा नाम दर्ता गर्ने अवसर प्राप्त छ । निरन्तर दर्ता-प्रक्रिया मार्फत् दर्ता हुने व्यक्तिको तुलनात्मक रुपमा सानो संख्यालाई विचार गर्दा निरन्तर दर्ताका लागि जनसचेतना कम भएको हुन सक्छ । त्यसकारण नाम दर्ता गर्ने काम सकिएको ठाउँमा खास गरी नगरपालिकाहरूमा छुट भएका व्यक्तिहरूलाई लक्षित गरेर निर्वाचन आयोग मतदाता शिक्षा संचालन गर्नेवारे सोच्नुपर्छ । साथसाथै, राष्ट्रिय रुपमा नै नाम दर्ता गर्ने काम सकिएपछि पनि आवश्यक भएमा जिल्ला सदरमुकाम बाहिरका ठाउँहरूमा पनि निरन्तर नाम दर्ता गर्ने दर्तास्थल स्थापना गरी दर्ताको पहुँच बढाउने बारेमा पनि ध्यान पुऱ्याउनु पर्दछ ।

**तथ्याङ्कमा आउन सक्ने अस्थिरता घटाई तथ्याङ्क प्रशोधनमा सुधार गर्नको लागि जिल्ला तहमा सर्भर बाडने समय-तालिका तथा तथ्याङ्क व्यवस्थापन प्रक्रियाको समीक्षा गर्नुपर्दछ ।** निर्वाचन आयोगको योजना अनुसार नै जिल्ला तहमा मतदाता दर्ताको तथ्याङ्कको प्रमाणीकरण गर्ने काम व्यवहारमा लागू गर्नुपर्दछ । जिल्ला तहमा सर्भर वितरणमा भएको ढिलाईलाई हेर्दा जिल्ला तहको तथ्याङ्कको सफाई गर्न ढिलाई भई तथ्याङ्कको प्रशोधन प्रक्रिया नै खतरामा पर्नसक्छ । त्यसो भयो भने तथ्याङ्क प्रमाणीकरणको निम्ति छुट्टयाइएको समयसीमा धैरै लम्बिन सक्छ । यस वाहेक, निर्वाचन आयोगको प्रधान कार्यालयमा तथ्याङ्क जम्मा गर्ने र सफाई गर्ने प्रक्रियामा सुधार गरी यस प्रक्रियालाई छिटो छरितो र दक्षतापूर्ण बनाउनु पर्छ ।

**मतदाताको अस्थायी नामावली प्रदर्शन गर्ने योजनाहरू तथा दावी-विरोधको अवधिमा स्थलगतरुपमा संकलन गरिएका तथ्याङ्कहरू परिभाषित गरी व्यवहारमा लागू गरिएका छन् भन्ने कुरा सुनिश्चित गर्नुपर्छ ।** सबै उजुरी र विरोधहरूलाई सम्वोधन गर्नका लागि निर्वाचन आयोगले

मतदाता नामावलीको प्रदर्शन तथा दावी विरोधको निम्ति समय दिने मनशाय देखाएको छ । यसका लागि निर्वाचन आयोगले मतदाताको अस्थायी नामावली सार्वजनिक रुपमा परीक्षण गर्ने प्रक्रिया स्थापित गर्नुपर्छ । यस्तो प्रक्रियालाई परिभाषित गरी प्रकाशित गर्नु मतदाता नामावली तयार गर्नको लागि महत्वपूर्ण हुनुका साथै यसबाट मतदातालाई अयोग्य सावित गर्ने सम्भावना पनि टर्छ ।

**गणकहरूको निम्ति यथार्थपरक दैनिक लक्ष्य सुनिश्चित हुनुपर्छ ।** सजिलैसँग जान सकिने घना जनसंख्या भएका भिराला ठाउँमा गणकहरूले आफ्नो दैनिक लक्ष्य पूरा गर्न प्रायः सफल भएका छन् । तर छरिएका बस्ती भएका र जान कठिनाई पर्ने भिराला ठाउँमा उनीहरूलाई आफ्नो दैनिक लक्ष्य पूरा गर्न गाह्रो परेको छ । खास गरी पहाडी र हिमाली जिल्लाहरूमा गणकको संख्या र समयसीमा बढाउने र लक्ष्य कम गर्नेबारे निर्वाचन आयोगले विचार गर्नुपर्छ । यसो भएमा उनीहरूले संभव भएजति व्यक्तिलाई भेट्ने कुरा सुनिश्चित हुन्छ । गणकहरू नै मतदाता शिक्षाका प्रारम्भिक स्रोत भएका हुनाले सूचनाको पहुँच सीमित भएका ठाउँमा उनीहरूको भूमिका धेरै महत्वपूर्ण हुन्छ ।

**गणना नभएका व्यक्तिहरूले मतदाता दर्तास्थलहरूमा नाम दर्ता गर्न सक्नेछन् भन्ने कुरा सुनिश्चित हुनुपर्छ ।** धेरैजसो दर्तास्थलहरूमा अगाडि गणनामा नपरेका व्यक्तिलाई गणना गरी निर्वाचन आयोगको नीतिअनुसार दर्ता गरिएको छ । तर केही ठाउँमा गणनामा नपरेका व्यक्ति दर्तास्थलमा आउँदा दर्ता गर्ने कर्मचारीहरूले पहिला गणनाका लागि गणकलाई पर्खेर बस्न भनी घरमै फर्काइदिएका छन् । त्यसकारण दर्ता गर्ने कर्मचारीहरूको उत्तरदायित्व वोध गराई तथा उनीहरूलाई पर्याप्त तालिम दिएर दर्तास्थलमा नै त्यस्ता व्यक्तिहरूलाई दर्ता गर्ने कुरा निर्वाचन आयोगले सुनिश्चित गर्नुपर्छ ।

**कम्प्युटर अपरेटरहरूले दर्तास्थलमा दर्ता गर्न आउनेहरूकै उपस्थितिमा नै तथ्याङ्क रुजु गर्ने काम सुनिश्चित गर्नुपर्छ ।** निर्वाचन आयोगले तथ्याङ्कलाई कम्प्युटरमा सुरक्षित गर्नु अगाडि दर्ता हुनेहरूको तथ्याङ्क दर्तास्थलमा नै रुजु गर्नुपर्ने प्रावधान राखेको भएता पनि कम्प्युटर अपरेटरले यस प्रावधानलाई अपनाउँदैनन् । परिणामस्वरुप दर्ता हुनेहरूको तथ्याङ्क सच्च्याउने मूल्यवान अवसर गुम्न पुग्छ र पछि फेरि सच्च्याउनु पर्ने झन्झट आइलाग्छ । यस्ता गल्तिहरू कटौती गर्नको लागि कर्मचारीहरूले दर्तास्थलमा नै दर्ताको तथ्याङ्क रुजु गर्ने कुरा निर्वाचन आयोगले सुनिश्चत गर्नुपर्छ ।

**दर्ता हुनेहरूको औंठाछापको स्क्यान लिादा आइपर्ने समस्याहरूलाई सम्वोधन गर्नुपर्छ ।** खास गरी हात फोहोर हुने र हस्तरेखा धेरै नै खुइलिएको हुनाले दर्ता हुन आउनेहरूको औंठाछाप लिन कम्प्युटर अपरेटरहरूलाई बारम्वार कठिनाई भइरह्यो । यसबाट धेरै ठाउँमा दर्ता प्रक्रियामा ढिलाई हुन पुग्यो । स्क्यानिङ गर्नु अगाडि हात धुनको लागि इसोप्रोपिलको व्यवस्था भएको भए केही ठाउँमा यो समस्या समाधान हुन सक्थ्यो । तर अनेकौं ठाउँमा यस्तो व्यवस्था थिएन ।

**कम्प्युटर अपरेटरहरूले दर्ता हुनेहरूलाई दर्ता रसिदको महत्व बुझाई त्यसलाई सुरक्षित राख्न लगाउने कुरा सुनिश्चित गर्नुपर्छ ।** निर्वाचन आयोगको प्रक्रिया अनुसार दर्ता हुन सफल भएका व्यक्तिहरूलाई कम्प्युटर अपरेटरले पछि आवश्यक पर्ने हुनाले दर्ता रसिद सुरक्षित राख्न सचेत गराउनु पर्दछ । सबै कम्प्युटर अपरेटरहरूले दर्ता भएका व्यक्तिहरूलाई दर्ताको प्रमाण त दिन्थे, तर त्यसलाई सुरक्षित राख्नुपर्छ भनेर विरलै भन्थे, सुरक्षित राख्नु पर्ने कारणबारे त उल्लेख नै गर्दैनथे ।

**<u>राजनीतिक दल र नागरिक समाजले गर्नुपर्ने</u>:**

**राजनीतिक दल तथा मतदाता दर्ता–प्रक्रियामा अवरोध पुऱ्याउने समूहहरूले उक्त प्रक्रियामा सिधै अवरोध पुऱ्याउनुको सट्टा आफ्ना गुनासाहरू उचित वैधानिक बाटोबाट उठाउनु पर्छ । साथै, उनीहरूले आफ्ना विरोधका कार्यक्रमहरू शान्तिपूर्ण हुने कुरामा विश्वस्त पार्नुपर्छ ।** दर्ता प्रक्रियामा अवरोध पुऱ्याउनेहरूले आफ्ना मागका सम्वन्धमा लचकता देखाई स्थानीय तहमा प्रक्रियामा नै अवरोध नपुऱ्याई आफ्ना गुनासाहरू उचित र विधिसम्मत तरिकाले उठाउनु पर्छ । साथै, उनीहरूले आफ्नो विरोध शान्तिपूर्ण हुने कुरामा विश्वास दिलाउनु पर्छ । उनीहरूले सम्पूर्ण योग्य नेपाली नागरिकहरूलाई नागरिकताको प्रमाणपत्र दिलाउन सहयोग गर्नुका साथै मतदानका लागि नाम दर्ता गर्न प्रोत्साहित गर्नुपर्छ ।

**मतदाता दर्ता–प्रक्रियामा अझ बढी सहयोगी भूमिका खेल्नु पर्छ ।** राजनीतिक दल तथा नागरिक समाजका संगठनहरूले स्थानीय तहमा योग्य व्यक्तिलाई नाम दर्ताका लागि प्रोत्साहित गर्न मतदाता सचेतनता बढाउने किसिमका क्रियाकलापहरू गरेको दृष्टान्त नगण्य छ । बरु त्यसको उल्टो सबभन्दा बढी क्रियाशिल दलहरूले अहिले स्थानीय तहमा दर्ता-प्रक्रियामा अवरोध खडा गरी व्यक्तिहरूलाई दर्ता गर्ने काममा हतोत्साहित तुल्याइरहेको पाइन्छ । राष्ट्रव्यापी दर्ताको चरणमा सहयोगका लागि गठन गरिएका स्थानीय समन्वय समितिहरूले यस प्रक्रियमा राजनीतिक दल तथा नागरिक समाजको सहभागितामा सुधार ल्याउने छन् भन्ने कार्टर सेन्टर आशा गर्दछ । साथै, सरोकारवालाका रुपमा रहेका राजनीतिक दल तथा नागरिक समाजलाई उनीहरूका कार्यकर्ताहरू परिचालन गरी यस प्रक्रियामा सहयोग पुऱ्याउन उनीहरूलाई उत्साहित गर्न गर्नुपर्ने प्रयत्नहरू बढाउन कार्टर सेन्टर निर्वाचन आयोगलाई प्रोत्साहित गर्दछ ।